बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शङ्का लागेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मदत पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ १५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 29 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५४

## महानगरमा सार्वजनिक शौचालयको अभाव

नितेश कर्ण, वीरगंज, १४ माघ/

वीरगंज महानगरपालिकामा सार्वजनिक शौचालयको अभाव देखिएको छ। ३२ वटा वडामा १७ वटा मात्र सार्वजनिक शौचालय छन् र त्यसमध्ये पनि धेरै सञ्चालनमा छैनन्।


पार्किङ स्थल र पुरानो धर्मशालामा निर्माण भएर प्रयोगविहीन सार्वजनिक शौचालय। तस्वीरः प्रतीक

वीरगंज महानगरपालिकामा सबैभन्दा बढी भीड हुने सरकारी कार्यालयहरूमा पनि शौचालयको अभाव छ। जिल्ला प्रशासन कार्यालय, अदालत, मालपोत, नापी, भूमिसुधार, यातायात व्यवस्था, भन्सारजस्ता कार्यालयहरूमा पनि व्यवस्थितरूपमा शौचालय सञ्चालनमा छैनन्। शौचालय भएका ठाउँमा पनि व्यवस्थित र महिलामैत्री शौचालयको झनै अभाव छ।

वीरगंज महानगरको घण्टाघरमा सशुल्क सार्वजनिक शौचालय छ र यो मात्रै व्यवस्थितरूपमा सञ्चालित छ। बाँकी सार्वजनिक शौचालयको अवस्था एकदमै नाजुक छ। शौचालयको अभावमा सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको दुर्दशा हेर्नलायक हुन्छ। दुई वर्षअगाडि वीरगंज महानगर खुला दिसामुक्त क्षेत्र घोषणा भएपनि सार्वजनिक शौचालयको अभावमा यो अभियान प्रभावकारी देखिएको छैन। मानिसहरू नाला, पर्खाल, खुला ठाउँमा पिसाब गर्न बाध्य छन्।

महानगरले खुला दिसामुक्त क्षेत्र घोषणा गरेसँगै घुम्ती शौचालयको पनि व्यवस्था गरेको थियो तर अहिले घुम्ती शौचालय सञ्चालनमा छैन। महानगरपालिका कार्यालयअगाडि बनाइएको सार्वजनिक शौचालय पनि सरसफाइको अभावमा अहिले बन्द छ। महानगरपालिका कार्यालयमा रहेको सार्वजनिक शौचालयको यो हबिगत छ भने अन्य शौचालयको हबिगत सहजै अनुमान गर्न सकिन्छ।

पूर्वसांसद विमल केडियाले नेशनल ट्रेडिङ र जिल्ला समन्वय समितिअगाडि निर्माण गरेको सार्वजनिक शौचालय सरसफाइ अभावमा सञ्चालनमा छैनन्। व्यवस्थित वीरगंज अभियान अन्तर्गत दुई वर्षअगाडि सो शौचालयको सरसफाइ गरिएको थियो। त्यसपछि सरसफाइ अभावमा सञ्चालनमा छैन।


मालपोत रोडमा रहेको पार्किङ स्थलमा पिसाब गर्दै सेवाग्राही र महानगरमा बन्द रहेको शौचालय

**बनेको शौचालय पनि प्रयोगविहीन**

वीरगंज महानगरपालिका–३ मालपोत सडकमा दुईवटा सार्वजनिक शौचालय छन् तर ती निर्माण भएदेखि अहिलेसम्म प्रयोगविहीन छन्। हाल पार्किङस्थल रहेको र पुरानो धर्मशालामा रहेको सार्वजनिक शौचालय निर्माण भएदेखि अहिलेसम्म प्रयोगमा ल्याइएको छैन। मालपोतमा सेवाग्राहीहरूको भीड हुने र त्यहाँ रहेको शौचालय पर्याप्त नहुँदा सेवाग्राहीहरू यत्रतत्र गएर पिसाब गर्नुपर्ने बाध्यता छ। सरसफाइको अभावमा निर्मित शौचालय प्रयोगमा नल्याइएको वडा कार्यालयले जनाएको छ।

## गोप्य टेन्डरको रहस्योद्घाटन भएपछि रद्द

प्रस, वीरगंज, १४ माघ/

प्रसौनी गाउँपालिकाले गोप्यरूपमा निकालेको टेन्डरको निर्माण व्यवसायी सङ्घले विरोध गरेपछि रद्द गरेको छ। प्रसौनी गापाले तीन करोड ८४ लाख बराबरको ८ थान टेन्डर स्थानीय पत्रिकामा प्रकाशन गरेको र सोको प्रकाशन कपी लुकाएर ठेक्का दिने प्रयत्न गरेको थियो।

सोको विरोध निर्माण व्यवसायी सङ्घ, बाराले गरेपछि माघ १० गते टेन्डर रद्द भएको सङ्घका अध्यक्ष सुरेन्द्रप्रसाद जयसवालले बताए। उनले जनसवाल दैनिकमा मङ्सिर २७ गते सूचना प्रकाशन गरेको र सो सूचना लुकाएर गापाले आफूखुशी टेन्डर दिने प्रयत्न गर्दा सङ्घले विरोध गरेको थियो। सङ्घका अध्यक्ष जैसवालले गापाको बैठकले टेन्डर रद्द गर्दै ई–बिडिङमार्फत पुनः सूचना निकाल्ने निर्णय भएको बताए।

बजारमा नामै नसुनेको पत्रिकामा सूचना प्रकाशन भएको र गोप्यरूपमा टेन्डर दिने प्रयास भइरहेको कुरा बाहिरिएपछि निर्माण व्यवसायी सङ्घ, बाराले विरोध गरेको थियो।

## छोटकरी

### हेरोइनसहित युवक पक्राउ

प्रस, वीरगंज, १४ माघ/

जिल्ला प्रहरी कार्यालय, बाराले खैरो हेरोइनसहित एकजनालाई पक्राउ गरेको छ।

बिहीवार सीमा प्रहरी चौकी, छतवाले विश्रामपुर गाउँपालिका–१ बटम चोकबाट भारत, बिहारको मोतिहारीका ३२ वर्षीय नवाब हुसेनलाई २१ ग्राम लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ। भारतबाट मोटरसाइकलमा नेपाल प्रवेश गरेका हुसेनले मोटरसाइकलको भाइजरमा २१ ग्राम लागूऔषध खैरो हेरोइन लुकाएको भेटिएपछि उनलाई पक्राउ गरी बारा जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

## एकजना सङ्क्रमितको मृत्यु, चारजनाको अवस्था गम्भीर

प्रस, वीरगंज, १४ माघ/

कोरोना सङ्क्रमित ६५ वर्षीया वृद्धाको शुक्रवार बिहान निधन भएको छ। वीरगंज महानगर–२७ निवासी ६५ वर्षीया वृद्धाको बिहान साढे सात बजे निधन भएको नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए।

उनले माघ ७ गते अस्पतालमा भर्ना भएकी वृद्धा एन्टिजेन परीक्षणबाट सङ्क्रमित पुष्टि भएकी थिइन्। उनले कोरोनाविरुद्ध दोस्रो मात्राको भेरोसिल खोप पनि लिएको डा सिंहले बताए। योसमेत कोरोनाको तेस्रो लहरमा वीरगंजको अस्पतालमा चारजनाको मृत्यु भइसकेको छ। मृत्यु हुनेमध्ये यसअघिका तीनजना बाराका थिए।

यसैबीच, अस्पतालमा सङ्क्रमित भर्ना पनि बढ्दो छ। अहिले ७४ शय्या सङ्क्रमितको लागि छुट्याइएकामा १४ जना सङ्क्रमित भर्ना भएको डा सिंहले बताए। चौधजनामध्ये चारजनाको अवस्था गम्भीर छ। भर्ना भएका सबैजनाले कोरोनाविरुद्ध खोप लिएका छन्।

## पर्साको कुल जनसङ्ख्या साढे ६ लाख

## महानगरपछि बहुदरमाईको जनसङ्ख्या बढी

प्रस, वीरगंज, १४ माघ/


पर्सा जिल्लाको जनसङ्ख्या ६ लाख ४९ हजार ३९७ पुगेको छ।

राष्ट्रिय जनगणना–२०७८ को प्रारम्भिक नतीजा अनुसार यो तथ्य सार्वजनिक भएको हो।

केन्द्रीय तथ्याङ्क विभागले बुधवार सार्वजनिक गरेको राष्ट्रिय जनगणना–२०७८ को प्रारम्भिक प्रतिवेदनमा वीरगंज महानगरमा दुई लाख ७८ हजार २७३ जनसङ्ख्या देखाइएको छ। महानगरमा एक लाख ३९ हजार ८४२ जना पुरुष र एक लाख २८ हजार ४२४ जना महिला छन्। यसैगरी, महानगरमा ४७ हजार २१८ परिवार रहेको सो तथ्याङ्कले देखाएको छ।

तथ्याङ्क अनुसार कालिकामाई गाउँपालिकामा २३ हजार ४७०, ठोरी गापामा १७ हजार ४९४, पकाहामैनपुर गापामा २२ हजार ९५७, धोबिनी गापामा २२ हजार ७४६, छिपहरमाई गापामा २६ हजार ७४२ जनसङ्ख्या रहेको छ।

यसैगरी, पटेर्वासुगौली गापामा २५ हजार ५०८, जगरनाथपुर गापामा ३२ हजार ७, विन्ध्यवासिनी गापामा २४ हजार ४६६, जीराभवानी गापामा २२ हजार ६०२, सखुवाप्रसौनी गापामा ३५ हजार ७१२, पोखरिया नगरपालिकामा ३८ हजार ९८५, पर्सागढी नपामा ४१ हजार ४७७, बहुदरमाई नपामा ४३ हजार ७८० जनसङ्ख्या छ। पर्सामा वीरगंज महानगरपछि दोस्रो बढी जनसङ्ख्या बहुदरमाई नपाको रहेको छ भने तेस्रो बढी जनसङ्ख्या पर्सागढी नपाको रहेको छ।




## तीनै तहको निर्वाचन एकैपटक गर्न राष्ट्रियसभा सदस्य अर्यालको सुझाव

प्रस, वीरगंज, १४ माघ/

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं नवनिर्वाचित राष्ट्रियसभा सदस्य उर्मिला अर्यालले तीनै तहको निर्वाचन एकैपटक हुनुपर्ने बताएकी छन्।

राष्ट्रियसभामा निर्वाचित भएपछि वीरगंज, राधेमाईस्थित निवासमा पत्रकार सम्मेलन गर्दै राष्ट्रियसभा सदस्य अर्यालले देशको आर्थिक अवस्थाले फरक–फरक निर्वाचन सहन गर्न नसक्ने हुँदा मितव्ययिताको सिद्धान्त अपनाएर सङ्घ, प्रदेश र स्थानीय निर्वाचन एकै समयमा गर्नुपर्ने बताइन्। उनले संविधानले दिएको अधिकारबाट नेपालको राजनीतिमा महिलाहरूले हैसियत बनाएको बताइन्।

उनले आगामी दिनमा महिलाहरूले राजनीतिमा हैसियत बढाउँदै जानुपर्ने र नेतृत्व लिने क्षमताको विकास गर्नुपर्नेमा जोड दिइन्। उनले राष्ट्रियसभाको निर्वाचनमा आफूलाई मत दिएर निर्वाचित गराएकामा पाँच दलीय गठबन्धनलाई धन्यवाद दिइन्। उनले हाल देशको शासन सत्ता चलाइरहेको पाँच दलीय गठबन्धनलाई अझ बलियो बनाउनुपर्नेमा शीर्ष नेताहरूको ध्यानाकर्षण गराइन्।


पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य अर्याल (दायाँबाट दोस्रो)। तस्वीरः प्रतीक

पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य अर्यालका पति डा वाइबी थापा, पर्सा इन्चार्ज विजय महतो, संयोजक रामदरश कुशवाहा, प्रदेशसभा सदस्य पश्मिना कादरीलगायतको सहभागिता थियो। कार्यक्रम समाजवादी प्रेस सङ्गठन पर्साका अध्यक्ष मनोज पटेलको अध्यक्षतामा भएको थियो भने सञ्चालन शम्भु सुमनले गरेका थिए।

## वडासदस्यका पतिले योजना शाखा प्रमुखलाई कुटे

प्रस, वीरगंज, १४ माघ/

धोबिनी गाउँपालिकाको योजना शाखाका प्रमुखलाई महिला वडासदस्यका पतिले कुटपिट गरेका छन्।



तस्वीरः प्रतीक

वडासदस्य शान्ति देवीका पति धर्मराउत कुर्मीले गापाको कार्यालयमा योजना शाखा प्रमुख पप्पुकुमार पटेललाई दुर्व्यवहार गरी कुटपिट गरेका हुन्। मोटर खरीदको लागि पाँच लाख रुपैयाँको कोटेशन माघ १२ गते एकजनालाई ठेकेदारलाई दिइएको र सोको कार्यादेश दिन योजना शाखा प्रमुखलाई दबाब दिइएको थियो। योजना प्रमुखले सोसम्बन्धी कोटेशन अन्य व्यवसायीसँग बुझेको आक्रोशमा धर्मराउत कुर्मीले योजना शाखा प्रमुखलाई पालिकाको कार्यालयमा कुटपिट गरी दुई घण्टा थुनेका थिए।

दिउँसो २ देखि ४ बजेसम्म उनलाई कार्यकक्षमा थुनेको र प्रहरी परिचालन गरेर योजना प्रमुख पटेललाई मुक्त गरिएको थियो। योजना शाखा प्रमुख पटेलले वडासदस्यका पतिले मोटर खरीदसम्बन्धी कोटेशन अरूलाई नदिन डर, धाक, धम्की दिएको र अन्य व्यवसायीबाट समेत कोटेशन बुझेपछि आफूमाथि आक्रमण भएको बताए। कमिशनको कारण कोटेशनको काम वडासदस्यका पतिले आफूले चाहेको ठेकेदारलाई दिन खोजेको तर सोअनुरूप कार्य नहुँदा आफूमाथि आक्रमण गरिएको उनले बताए।

## विचारसार र सूक्तिहरू

फूल चुनेर जम्मा गर्न नरोक, अगाडि बढिराख, तिम्रो पथमा निरन्तर फूल फुलिरहेको हुन्छ ।

– रवीन्द्रनाथ टैगोर


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# कानूनको अपव्याख्या

**स्थानीय तहको निर्वाचनको मिति तोक्न निर्वाचन आयोगले सरकारलाई ताकेता गरिरहेको छ, सरकार भने निर्वाचन टार्नका लागि बहाना खोजिरहेको छ । वर्तमान सत्ता गठबन्धनको मन्त्रिपरिषद् वैशाखमा निर्वाचन गराउन चाहँदैन । त्यो उनीहरूको क्रियाकलापबाट स्पष्ट भइसकेको छ । कानून व्यवसायीहरूको नाममा गठबन्धनले आफूनिकट त्यसमा पनि आफ्नै खेमाका कानून व्यवसायीहरूलाई राखेर छलफल गरे । छलफल संविधान, ऐन, कानूनले के भन्छ भन्दा पनि निर्वाचन पछि सार्नका लागि भरपर्दो कानूनी उपाय के छ भन्नेमा केन्द्रित रह्यो । संविधान, ऐन, कानूनलाई कसरी आफूअनुकूल व्याख्या गर्न सकिन्छ भन्नेबारे बहस चल्यो । अन्ततः अध्यादेश जारी गरेर चुनाव पछाडि धकेल्ने सहमति बन्यो । सरकारको नेतृत्व गरिरहेको नेपाली काङ्ग्रेसभित्रैबाट यसको विरोध भइसकेको छ ।**

**‘गाउँ र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ । त्यो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को गाउँ र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्नेछ,’ नेपालको संविधान २०७२ को धारा २२५ मा उल्लेख छ । स्थानीय तह निर्वाचन ऐन २०७३ को परिच्छेद– २, निर्वाचन कार्यक्रम तथा निर्वाचन प्रणाली अर्थात् दफा–३ को उपदफा–१ मा भने ‘सदस्यको निर्वाचन गाउँ वा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महीनाअगाडि हुनेछ,’ उल्लेख गरिएको छ । यसअघि स्थानीय तहको निर्वाचन तीन चरणमा २०७४ वैशाख, असार र असोजमा भएको थियो । सबैको म्याद पहिलो चरणको निर्वाचन मितिबाटै मानिने ऐनमा व्यवस्था छ । २०७४ वैशाखमा चुनाव भएपनि त्यसको कानूनी प्रक्रिया पूरा गर्दा ५ जेठसम्म पुगेको थियो । सोही आधारमा आयोगले ५ जेठबाट सबै स्थानीय तहको कार्यकाल गणना गरेर ५ जेठ २०७९ मा म्याद सकिने जनाएको हो । सरकार पक्षले भने संविधान र ऐन बाझिएकाले ऐनलाई संविधानअनुरूप बनाउनुपर्ने साथै पछिल्लो दुई चरणमा भएका निर्वाचनको अवधि पाँच वर्ष नपुग्ने हुँदा चुनाव पछि सार्नुपर्ने तर्क गरेको छ ।**

**पछिल्लो चरणको चुनावलाई आधार मान्ने हो भने पहिलो चरणमा भएको चुनावलाई के मान्ने ? त्यसको त पाँच वर्षको अवधि कटिसकेको हुन्छ । संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्चलाई छ, तर यहाँ राजनीतिक दलका नेताहरू आफूअनुकूल व्याख्या गर्ने र सोही मुताबिक ऐन, नियम, कानूनलाई तोडमोड गर्ने होडमा छन् । कार्यकाल बितेको छ महीनापछि निर्वाचन गर्नु भनेर संविधानले कहींकतै भनेको छैन । कार्यकाल समाप्त भएको मितिले छ महीनाभित्र भनिएको छ । त्यो कार्यकाल सकेको भोलिपल्टदेखि छ महीना भनिएको हो । संविधानपछि ऐन, कानून बनाइयो । संविधानमा भएका व्यवस्थालाई स्पष्ट ढङ्गमा परिभाषित गर्दै कार्यान्वयन गर्न कानून बनाइएको हो । वैशाख ६ गते चुनाव भएमा पनि संविधान र ऐन बाझिंदैन । मत खसाल्ने बित्तिकै गाउँ वा नगर सभा गठन भएको मानिंदैन । अन्तिम परिणाम आएपछि सभा गठन भयो । यसो हुन कुनै पालिकामा त दुई महीनाभन्दा बढी समय पनि लागेको छ । निर्वाचन भएको मितिले पाँच वर्ष पुग्दा सभा गठन भएको पाँच वर्ष पुगेको हुँदैन । त्यसैले सभा गठन भएको मितिले दुई महीना पहिले नै चुनाव गर्नुपर्छ भनिएको हो भन्ने कुरा स्पष्ट छ । तर व्याख्यालाई अपव्याख्या गर्दै ऐन, कानूनलाई संशोधन थप्नेछ ।**

# उदारीकरणपछिको अर्थतन्त्रको चिरफार

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com

**देशको चुनाव प्रणालीलाई जबसम्म परिवर्तन गर्न सकिंदैन, देशको अर्थतन्त्रमा कदापि परिवर्तन आउन सक्दैन । संसद सदस्यहरूलाई मन्त्री नबनाउने प्रणाली अङ्गिकार मात्र गर्न सके, देशको अर्थतन्त्रमा कायापलट हुन सक्छ ।**

नेपालमा २०४६ सालमा भएको राजनीतिक क्रान्ति र लोकतन्त्रको पुनर्स्थापनापछि उदार र खुला बजार आर्थिक नीति अँगालेर व्यावसायिक वातावरणको सूत्रपात भयो । यसले नेपालको राजनीतिक, आर्थिक, सामाजिक–सांस्कृतिक र प्राविधिक परिवेशमा नै परिवर्तन ल्यायो ।

यसले व्यापार गतिविधिहरूमा नयाँ चुनौती र अवसरहरू सिर्जना गर्‍यो । र नेपाल सरकारले उदारीकरणको नीति अवलम्बन गर्दै निजी उद्यमशीलतामा जोड दियो ।

उदारीकरण नीतिअघि नेपाल सरकारले मिश्रित आर्थिक नीतिहरू अवलम्बन गरेको थियो, जहाँ निजी र राज्य दुवै आर्थिक गतिविधिमा समानरूपमा संलग्न हुने गर्थे । यद्यपि केही आधारभूत र मुख्य उद्योगहरूमा निजी क्षेत्रलाई प्रवेश गर्न प्रतिबन्ध थियो ।

उदारीकरणपछि व्यापार गतिविधिहरूमा सरकारको भूमिका न्यूनीकरण गर्न धेरै सार्वजनिक संस्थान निजीकरण गरिएको थियो । विसं २०६१ वैशाख ११ गते शुक्रवार (२३ अप्रिल २००४) का दिन विश्व व्यापार सङ्गठनको नेपाल १४७औं सदस्य बन्यो, जसले आर्थिक वातावरणलाई पूर्णरूपमा परिवर्तन गरिदियो । विश्व व्यापार सङ्गठनको सदस्य भएकोले नेपालले विदेशी वस्तु तथा सेवाको प्रवेशमा प्रतिबन्ध लगाउन नसक्ने भएकोले स्वदेशी उद्योगहरूमा धेरै चुनौती थपियो । तथापि देशले आफ्नो लिने बाटो लिई नै छाड्यो । नेपालमा उदीयमान व्यावसायिक वातावरण निम्न छन्–

**१. खुला बजार अर्थतन्त्रको उदय:**

सन् १९९० अर्थात् २०४६ मा प्रजातन्त्र पुनर्स्थापनापछि नेपाल सरकारले उदार र खुला बजार अर्थतन्त्रको नीति अवलम्बन गरेको थियो । यो नीतिले इजाजतपत्र, दर्ता, संस्थापन आदिमा हुने प्रशासनिक बाधा न्यूनीकरण गर्दै निजी उद्यमीहरूलाई आर्थिक स्वतन्त्रता दिन थाल्यो । अब निजी उद्यमी र उद्यमहरूलाई नाममात्र प्रशासनिक औपचारिकतासहित आफ्नो रुचि र क्षमताको आधारमा व्यवसाय लाइन छनोट गर्ने स्वतन्त्रता दिने शुरूआत भयो । यसका साथै धेरै सार्वजनिक संस्थानको निजीकरण गर्दै सरकारले वितरण र उत्पादनमा रहेको सार्वजनिक संस्थानको एकाधिकार फिर्ता लियो ।

**२. निजी क्षेत्रको बढ्दो भूमिका:**

खुला बजार अर्थतन्त्रका कारण आर्थिक गतिविधिमा निजी क्षेत्रको भूमिका यही समयदेखि बढ्न थाल्यो । उनीहरूले राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्न थाले । सरकारले जलविद्युत्, दूरसञ्चार, खानेपानी, वायुसेवालगायत सार्वजनिक संस्थानको एकाधिकार अन्त्य गरेपछि निजी क्षेत्रले सामान्य र आधारभूत व्यापारिक गतिविधिमा लगानी गर्न थाले ।

**३. पूर्वाधार विकासमा निजी लगानी:**

खुला बजार अर्थतन्त्रले निजी क्षेत्रलाई नेपालको पूर्वाधार विकासमा प्रोत्साहित गर्न शुरू गर्‍यो । देशका जलविद्युत्, दूरसञ्चार, यातायात, खानेपानी, स्वास्थ्य, शिक्षालगायत पूर्वाधार क्षेत्रमा विदेशी लगानीकर्ता र निजी कम्पनीले लगानी गर्न थालेपछि त्यस्ता लगानीले राष्ट्रको अर्थतन्त्रलाई टेवा पुर्‍याउन थाल्यो ।

**४. बहुराष्ट्रिय कम्पनीहरूको उदय:**

सरकारको आर्थिक उदारीकरण नीति र विश्व व्यापार सङ्गठनको (डब्लु टिओ) सम्झौताले बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा व्यावसायिक गतिविधि गर्ने अवसर सिर्जना गर्‍यो । उनीहरू नेपाली उद्यमीहरूसँग संयुक्त लगानीमा व्यावसायिक, औद्योगिक र सहायक सेवाहरूमा संलग्न हुन थाले । सामान्यतया बैंकिङ, वित्त, बीमा, सफ्ट ड्रिंक, कोल्ड ड्रिंक, होटल उद्योग, शिक्षा, दूरसञ्चार, जलविद्युत् आदिमा संलग्न हुन थाले । युनिलिभर नेपाल, डाबर नेपाल, कोकाकोला, पेप्सी, एलजी नेपालका बहुराष्ट्रिय कम्पनीका केही उदाहरण हुन् । टेलिभिजन, वाइवाई नूडल्स, नबिल बैंक, स्ट्यान्डर्ड चार्टड बैंक, हिमालयन बैंकजस्ता बहुराष्ट्रिय संस्थाहरूको आगमनले देशको आर्थिक गतिविधि चलायमान हुन थाल्यो ।

**५. सेवा क्षेत्रमा वृद्धि:**

पछिल्ला वर्षहरूमा नेपालमा सेवा क्षेत्रमा तीव्र वृद्धि भएको छ । व्यवसायहरू उत्पादन क्षेत्रबाट सेवा क्षेत्रतर्फ मोडिएका छन् । सेवा क्षेत्रमा व्यापार गर्न संलग्न नयाँ उद्यम, सेवा क्षेत्रहरू–होटल, रेस्टुरा, यातायात, दूरसञ्चार, पत्रपत्रिका, इमेल र इन्टरनेट, कम्प्युटर सफ्टवेयर, इ–कमर्स, शिक्षा, स्वास्थ्य, रेडियो, टेलिभिजन आदि पर्दछन् ।

**६. सूचना प्रविधिको विकास (आइटी):**

कम्प्युटर प्रोग्राम, इ–मेल, इन्टरनेट, नेटवर्क प्रणाली, इ–कमर्स, फ्याक्स, आदि समावेश आइटि स्रोतहरूको प्रयोगले व्यापार सङ्गठनको कार्य–कुशलता बढाउँछ । बैंक, वित्तीय कम्पनीहरू, शैक्षिक संस्थाहरू, होटल रेस्टुराहरू, दूरसञ्चार, एयरलाइन्स, उत्पादन र व्यापारिक संस्थाहरूजस्ता धेरै व्यापारिक संस्थाहरूले आफ्नो कामको गति बढाउन आइटी स्रोतहरू प्रयोग गरिरहेका छन् । यसबाहेक गैरसरकारी संस्था र आइएनजीओहरू पनि आइटी स्रोत प्रयोग गर्न अगाडि छन् । त्यसैले अहिले नेपालको आर्थिक गतिविधिलाई गति दिन सूचना प्रविधि ठूलो शक्ति बनेको छ ।

**७. उपभोक्तावादको उदय:**

उपभोक्तावाद भनेको आफ्नो अपेक्षित वस्तु तथा सेवाहरू प्रदान गर्ने व्यापारिक संस्थाहरूप्रति ग्राहकको चासोको प्रचार गर्नु हो । खुला बजार नीतिले उत्पादक र आपूर्तिकर्ताहरूबीच प्रतिस्पर्धात्मक वातावरण विकास गरेको छ र ग्राहकहरूलाई छनोट सुविधा प्रदान गरेको छ । बजारमा थप उत्पादनहरू उपलब्ध छन्, ग्राहकहरूलाई एक उत्पादनबाट अर्को उत्पादनमा स्विच गर्न सजिलो हुन्छ । यसरी व्यावसायिक संस्थाहरूले ग्राहकहरूको ध्यानाकर्षण गर्न र उनीहरूलाई सन्तुष्ट पार्न विभिन्न रणनीति विकास गरेका छन् ।

उदारीकरण नीतिले नेपाली बजारमा विदेशी वस्तु तथा सेवाको उपलब्धतालाई सहज बनाएको छ । र ग्राहकहरूले आफ्नो आवश्यकताको आधारमा सामान र सेवाहरू खरीद गर्न सक्छन् । आजकल कम्प्युटर, रेफ्रिजरेटर, साइकल, मोटरसाइकल, राइस कुकर, वाशिङ मेशीन, खाना पकाउने ग्याँस आदि सबैको आधारभूत आवश्यकता भइसकेको छ । व्यापारिक वातावरणमा चुनौतीहरू के छन् ?

**१. आर्थिक वातावरण:** नेपालले मिश्रित अर्थतन्त्र अँगालेको छ, जहाँ देशको समग्र विकासका लागि सार्वजनिक र निजी क्षेत्र स्वतन्त्ररूपमा सञ्चालन हुन्छन् । हाम्रा विभिन्न योजनाहरू सकिंदा पनि योजना अनुसारको आर्थिक अवस्था सुधार हुन सकेको छैन । जनताको आयस्तरमा ठूलो असमानता छ । वृद्धिदर ३ प्रतिशतभन्दा कम छ र उच्च मुद्रास्फीति दर (अर्थात् १० प्रतिशतभन्दा बढी) को कारण न्यून आय समूहमा ठूलो दबाब छ । उच्च व्यापार घाटा छ, भारत र चीन र तेस्रो देशहरूबाट आयात तीव्र गतिमा बढिरहेको छ । कमजोर र न्यून गुणस्तरका उत्पादन र सेवाका कारण हाम्रोजस्ता देशहरूको दिन प्रतिदिन पतन हुँदै गएको छ । यसबाहेक उदीयमान विश्वव्यापीकरण अवधारणा जस्तै–देशहरूबीच वस्तु, सेवा, मानव संसाधन आदिको स्वतन्त्र प्रवाहले साना र घरेलु उद्योगहरूलाई ठूलो धक्का दिएको छ । ब्रेन–ड्रेन पनि राष्ट्रका लागि नयाँ चुनौती हो । गुणस्तर व्यवस्थापन र निर्यातमुखी व्यवसायमा विभिन्न सुधार कार्यक्रमले नेपालको आर्थिक वातावरणको विकासमा केही आशा ल्याएको भान त हुन्थ्यो तर राजनीतिक खिचातानी र सरकारपिच्छे नीति र योजनाहरू परिवर्तन हुँदा देश झन्झन् ओरालो लाग्दैछ । पूँजीगत खर्च १० प्रतिशत पनि हुन सकेको छैन, जुन कहालीलाग्दो अवस्था हो ।

**२. राजनीतिक र कानूनी परिवेश:** विगत ३२ वर्षदेखि नेपाल विभिन्न राजनीतिक उतारचढावबाट गुज्रिरहेको छ । अस्थिर सरकार र विभिन्न राजनीतिक दलका अभीष्टले गर्दा देशले एउटा आकार लिन सकेको छैन । राजनीतिक दलको समर्थनमा रहेका व्यक्ति र सङ्घसंस्थाहरूले नियम–कानून उल्लङ्घन गरिरहेका छन् । नीतिहरूमा बारम्बार परिवर्तनले नयाँ लगानीका कम्पनीहरूमा थप भ्रम र खतरा सिर्जना गर्दछ । श्रमिक सङ्घसंस्था, कर्मचारीको असन्तुष्टि, मानव अधिकार तथा नागरिक समाज र पेशागत समस्याको उचित सम्बोधन हुन सकेको छैन । त्यसबाहेक नयाँ नेपालको नयाँ संविधान निर्माण भई देश सङ्घीयतामा देश गइसक्दा पनि, देशको व्यवस्था त परिवर्तन भयो तर अवस्था उस्ताको उस्तै छ ।

**३. सामाजिक सांस्कृतिक वातावरण:** हाम्रो राष्ट्रमा विभिन्न जात, धर्म, आस्था, शैक्षिक पृष्ठभूमि, उमेर, लिङ्ग र चेतनाका मानिसहरू छन् । अहिले पनि जातीय विभेदका घटना भइरहेका छन् । दुर्गम क्षेत्रमा सोचे अनुरूप सुधार हुन सकेको छैन । गाउँका अधिकांश युवालाई राम्रो जीवनशैली र आम्दानीका लागि मध्यपूर्वका देशहरूमा उडाइन्छ । समाज र सङ्गठनमा पदानुक्रम प्रणाली व्याप्त छ । उच्च पदमा कार्यरत व्यक्तिहरू आफूलाई उच्च ठान्छन् र तल्लो पदका कर्मचारी र मानिसमाथि हाबी हुन्छन् । हाम्रो समाज र सङ्गठनमा अनुचित प्रभाव, पाखण्ड, नातावाद, पक्षपात धेरै सामान्य छ । तर नेपाल सरल, पाहुनासँग राम्रो व्यवहार, अभिभावक र मालिकप्रति इमानदार, प्रकृतिप्रेमी र त्यागका लागि परिचित छ । यो मनोवृत्ति र व्यवहार भविष्यमा व्यावसायिक गतिविधिहरूको विकासको लागि राम्रो स्रोत हुन सक्छ ।

**४. प्राविधिक वातावरण:** प्राविधिक वातावरणले त्यो प्रक्रिया समावेश गर्दछ, जसद्वारा सङ्गठनले इनपुटहरूलाई आउटपुटमा रूपान्तरण गर्छ । प्राविधिक विकास अनुसन्धान, नयाँ आविष्कार र विकास प्रविधि हस्तान्तरण र सञ्चालन प्रणालीमा सरकारी खर्चमा निर्भर हुन्छ । नेपालमा प्रविधिको बढ्दो सुधारसँगै जोडिएका उद्योगहरू थोरै छन् । विशेषगरी वित्तीय क्षेत्र, दूरसञ्चार क्षेत्रमा अत्याधुनिक प्रविधिको प्रयोग भइरहेको छ । जबकि कृषि क्षेत्र, औद्योगिक क्षेत्र अझै पनि अत्याधुनिक प्रविधिको प्रयोग गरेर आफ्नो गतिविधि सुधार गर्नमा सुस्त गति देखाउँदै छन् । साना संस्थाहरूलाई उनीहरूको प्रविधि अद्यावधिक गर्न आर्थिक बाधाहरू पनि छन् । त्यसबाहेक नयाँ प्रविधिलाई प्रभावकारी ढङ्गले अघि बढाउन सरकारको चासो देखिंदैन ।

विश्व बैंक को प्रतिवेदनले यसो भन्छ:

पछिल्लो समय स्थितिमा सुधार आए पनि नेपाल कोभिड–१९ ले नराम्ररी प्रभावित भएको छ । सन् २०२० को मध्यमा यो प्रकोप व्यापकरूपमा फैलिएपछि सन् २०२० को मार्चदेखि जुलाईसम्म राष्ट्रव्यापी लकडाउन लागू गरियो, त्यसपछि काठमाडौं उपत्यकालगायत स्थानीय तहमा सेप्टेम्बरको मध्यसम्म लकडाउन गरियो । यस अवधिमा यातायात, शिक्षा र पर्यटन सम्बन्धी गतिविधिमा उल्लेख्य प्रतिबन्ध लाग्यो ।

पहिलो लहरले थिलथिलिएको अर्थतन्त्रलाई दोस्रो लहरले भित्तैमा पुर्‍यायो, खोपको विकाससँगै राष्ट्रव्यापी रूपमा खोप अभियानलाई तीव्र बनाइयो र अर्थतन्त्रमा केही राम्रा सूचाङ्कहरू देखियो । थोक र खुद्रा व्यापार, यातायात, र वित्तीय सेवाहरूमा गतिविधि पुनः शुरू भयो, जबकि अनुकूल मनसुनले कृषि वृद्धि ल्यायो । यद्यपि महामारी र राजनीतिक घटनाक्रमसँग सम्बन्धित समग्र अनिश्चितताको उच्चस्तरका कारण पर्यटन ठप्प र निजी लगानीको अभावमा रह्यो । महामारीबाट उत्पन्न हुने अनिश्चितताले व्यक्ति र फर्महरूलाई समर्थन गर्न प्रदान गरिएको वित्तीय प्रोत्साहनको डिग्रीको कारणले पनि वित्तीय जोखिममा योगदान पुर्‍याएको छ र जसलाई अन्ततः वित्तीय दिगोपनका लागि फिर्ता गर्नुपर्नेछ । फलस्वरूप डुइङ बिजनेस रिपोर्ट र विश्व बैंकको समीक्षा अनुसार सन् २०२० को नेपालले ६३.२ अङ्क ल्याएर १९० अर्थतन्त्रमध्ये ९४औं स्थानमा रहेको छ । सन् २०१९ मा नेपाल ५९.७ अङ्क जोडेर ११०औं स्थानमा थियो । र २०२१ मा सूचाङ्कको अवस्था तेस्तै नै रह्यो तर अहिले फेरि तेस्रो लहरको असरले देशको अर्थतन्त्रमा धमिरा नै लाग्ने अनुमान गर्न सकिन्छ ।

डिसेम्बर २०२० मा प्रधानमन्त्रीले संसद् भङ्ग गरेपछि राजनीतिक अनिश्चितता पनि बढ्यो । सर्वोच्च अदालतले फेब्रुअरी २०२१ मा संसद् पुनर्स्थापना गर्दै र मार्चमा दुई दलको बहुमतीय गठबन्धनको विभाजनलाई अघि बढाउँदै निर्णयलाई उल्टाइदियो ।

**आर्थिक कठिनाइले आय र रोजगारमा प्रभाव पार्ने सम्भावना छ:**

बेरोजगारी आवेदनको बढ्दो सङ्ख्या र फर्कने आप्रवासीहरूले गरीबी न्यूनीकरणको प्रगतिमा प्रतिकूल असर पार्न सक्छन् । भर्खरको विश्व बैंक कोभिड–१९ अनुगमन सर्वेक्षणले रोजगारी र आम्दानीमा महामारीको व्यापक प्रभाव रहेको देखाएको छ । प्रत्येक पाँच आर्थिक रूपमा सक्रिय कामदारहरूमध्ये दुईभन्दा बढीले जागीर गुमाउने वा लामो समयसम्म काम नगरेको घटना रिपोर्ट गरेका छन् । महिला, युवा मजदुर र गैरकृषि कार्यमा संलग्न व्यक्तिहरू सबैभन्दा बढी प्रभावित भएका छन् । आर्थिक वर्ष २०७७ को पहिलो छमाहीमा खर्च उच्च र राजस्व कम थियो ।

उच्च खर्च कोभिड–१९ सम्बन्धित स्वास्थ्य उपकरणहरूको खरीद र उपराष्ट्रिय स्तरहरूमा लगानीबाट प्रेरित भएको थियो । जसले केन्द्रीयस्तरमा पूँजीगत खर्चमा उल्लेखनीय कमीलाई अफसेट गर्‍यो । यसैबीच राजस्व अलिकति घट्यो । कर राजस्व २.१ प्रतिशतले घटेको छ, व्यापार र उपभोग करहरू, साथै कर्पोरेट आयकरहरूले खराब प्रदर्शन गरेका छन् । पर्यटनमा ठप्प भएको कारण गैरकर राजस्वमा असर परेको छ । फलस्वरूप सार्वजनिक ऋण आर्थिक वर्ष २०७६ को अन्त्यको तुलनामा आर्थिक वर्ष २०७७ को पहिलो छमाहीमा ८.२ प्रतिशतले वृद्धि भई अनुमानित आर्थिक वर्ष २०७६ को कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ३६.४ प्रतिशत पुगेको छ । यी परिवर्तनका बावजूद नेपाल ऋण सङ्कटको न्यून जोखिममा रहेको छ ।

अन्त्यमा देशको चुनाव प्रणालीलाई जबसम्म परिवर्तन गर्न सकिंदैन, देशको अर्थतन्त्रमा कदापि परिवर्तन आउन सक्दैन । संसद सदस्यहरूलाई मन्त्री नबनाउने प्रणाली अङ्गिकार मात्र गर्न सके, देशको अर्थतन्त्रमा कायापलट हुन सक्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ माघ १५ गते शनिवार | 2022 January 29 Saturday


# समर्थनको “देवरात” काव्यमा प्रगतिशील चेतना

कृति समीक्षा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**स्वर्ग र नर्कको डर वा लोभमा मानिसले अनेक कर्म गर्छन्। यसै नाममा आफ्नो दुनो सोझ्याउनेहरू पनि धेरै छन् । स्वर्ग र नर्क हो वा होइन, कसैले देखेको छैन । यो मीठो कल्पना पनि हुन सक्छ । जीवन भोगाइको अवस्थामा नै स्वर्ग र नर्क दुवै हुन सक्छन् ।**

रमेश समर्थनको देवरात काव्यलाई मञ्जरी पब्लिकेशन, पुतलीसडक, काठमाडौंले (२०७६ असोज) बजारमा ल्याएको हो। स्मार्ट साइजको १२० पृष्ठमा विस्तारित ‘देवरात’ समर्थनको पाँचौं कृति हो। यसअघि ब्रह्मलुट (मुक्तक, २०५३), दक्षिणा (शोककाव्य, २०५७), पर्खी बसें (गजल २०६०) र चिसा पसिना (यात्रा तथा संस्मरण, २०७४) प्रकाशित छन् । यसरी प्रकाशित कृतिहरूलाई आधार मानेर विधाको दृष्टिकोणले विचार गर्ने हो भने समर्थनका सबैभन्दा बढी काव्यविधानका कृति प्रकाशित छन् । चिसा पसिनाबाहेक समर्थनका सबै कृति काव्यविधानसितै सम्बन्धित छन् ।

पाल्पामा जन्मेर रौतहटमा निकै लामो समयसम्म ज्ञानको प्रकाश छर्ने कर्ममा ऊर्जा खर्च गरेका समर्थनले बनारसमा आफू आलोकित हुने अवसर प्राप्त गरे । स्नातकोत्तरसम्म अध्ययन गरेका र क्याम्पस तथा विद्यालयमा लामो समय शिक्षाको उज्यालो छरेका समर्थन साहित्यमार्फत निरन्तर ज्ञानप्रकाशन गर्दै आएका छन्। नेपाली, हिन्दी र बज्जिका भाषाको साहित्यमा कलम चलाइरहने समर्थनको सिर्जनाको विधागत पहिचान काव्य नै रहेको छ । पौराणिक पात्र तथा ज्ञानमा रुचि राख्ने समर्थनको देवरात पौराणिक पात्रमाथि लेखिएको काव्य हो।

इतिहास र पुराणमा धेरै चाखलाग्दा र ज्ञानबर्द्धक खुराकहरू लुकेका छन् र धेरै लुकाइएका पनि छन् । सर्जकले कसलाई महत्त्व दिनुपर्ने हो, सोही अनुसार नै सिर्जना गरेका हुन्छन् तर अध्येताले आफनो रुचि अनुसार पात्रलाई मन पराउँछन् । यसले गर्दा उपजीव्य कृति सिर्जना हुने हुन्छ । रामायण, महाभारतादिका अनेक उपजीव्य ग्रन्थहरूले मौलिक सिर्जनाजत्तिकै प्रियता हासिल गरेका छन् । कालजयी र भूगोलजयी बनेका पनि छन् । दृष्टि र दृष्टिकोणले कृतिको मूल्य निर्धारण गरिने कुरामा शङ्का नहोला। सर्जकको सिर्जनाको दृष्टिकोण र पाठकको दृष्टिकोणमा पार्थक्य हुनु पनि अन्यथा होइन ।

देवरात भन्नु शुन:सेप हुन् । यिनी अजीगर्त ब्राह्मणका महिला छोरा हुन्। अत्यन्त विपन्नतामा दिन काटिरहेको परिवार छ। खान र लाउन चरम अभाव छ। भोकै सुत्नुपर्ने बाध्यता छ। यस्तैमा राजा हरिश्चन्द्रलाई जलोदर रोगले च्याप्दै गएको छ। आफ्ना छोरा रोहितको बलि नदिए राजा नै मर्ने छाँटकाँट छ। यस विषम परिस्थितिमा वरुणदेवलाई खुशी पार्न पुरोहित तथा कुलगुरुसहित अनेक शास्त्र र विधानहरूको सहारा लिएर एक ब्राह्मणका छोरालाई बलि दिएमा जलोदर ठीक हुने निष्कर्ष निकालिन्छ। वरुणलाई बलि चाहिएको छ र राजालाई रोगबाट मुक्ति । बलिको लागि ब्राह्मण पुत्रको खोजी हुन्छ र अजीगर्तकहाँ दूतहरू पुग्छन्। अजीगर्त धनको लोभमा माहिलो छोरोलाई बेच्न तयार हुन्छन् । पत्नीको व्यापक असहमतिमा उनी छोरो बेच्छन्। घाँटीमा दाम्लो लगाएर लैजान्छन् शुन:सेपलाई त्यहाँ जहाँ बलिको तयारी भएको छ । हात बाँधेर अगाडितिर भुइँमा लडाइएको छ र आँखामा पट्टि पनि बाँधिएको छ। अब कतिखेर खड्ग प्रहार होला भन्ने मात्र छ । बालकमाथि खड्ग प्रहार गर्ने मानिसको खोजी भइरहेको छ तर कोही पनि तयार भइरहेको हुँदैन । आखिरमा शुन:सेपका पिता अजीगर्त नै यो भनेर तयार हुन्छन् कि मैले बेचेपछि अब यो पशु भयो र बलिको पशुलाई वध गर्नु तथा राजाज्ञा पालन गर्नु धर्म हो । म दोब्बर धन लिएपछि वध गर्न तयार छु। पुरोहितबाट यो पनि सुनिन्छ कि वध गर्नेले मासु पनि खानुपर्दछ र अझ बढी द्रव्य तथा धन प्राप्त गरेपछि त्यसको




लागि पनि तयार हुन्छन् तर विश्वामित्रको आगमनले घटनाले अर्कै मोड लिन्छ । विश्वामित्र नजीकै गएर शुन:सेपको कानमा वरुणलाई खुशी पार्ने मन्त्रजाप गर्ने सल्लाह दिन्छन् र यता राजा हरिश्चन्द्र तथा पुरोहितलाई मानवतावादी पाठ पढाउँछन् । अन्तमा शुन:सेपलाई वरुणले नै मुक्त गर्दछन्। वरुणले मुक्त गर्दै राजाको छोरो रोहितलाई पनि केही नहुने बताउँछन्। यसरी बलिको बेदीमा चढिसकेको बालक शुन:सेप बाँच्छन् र कालान्तरमा ऋग्वैदिक मन्त्रद्रष्टा ऋषि बन्छन्। काव्यको कथानक संयोगान्त र सुखदायी छ । यो मानवतावादी दृष्टिकोणले जति उच्चकोटिको काव्य हो, प्रगतिशीलताको दृष्टिकोणले पनि उच्च कलात्मक कृति हो। यो कृतिको कथानक पनि प्रगतिशील विचारको रहेको देखिन्छ।

समयको परम्परागत काल विभाजनले र मुख्यगरी पूर्वीय शास्त्रहरूले मान्ने गरेको सत्ययुगमा अनेक विकृतिहरू रहेको र वर्तमान मानवताको दृष्टिकोणले निकै अमानवीय युग रहेको कवि समर्थनको विचार आएको छ । उनी यसरी भन्छन् :

त्यौ सत्ययुगमा जाँदा कैयौं दृष्टान्त पाउँछु

र त्यसै युगको यौटा कालो गाथा म गाउँछु। (पृष्ठ १९)

त्यस युगमा अनेक नृशंस कर्म हुन्थे र तिनीहरूलाई शास्त्रको जामा परिन्याइन्थ्यो । त्यस युगमा मानवताविरोधी कार्यलाई धर्मोक्त मानिन्थ्यो वा बनाइन्थ्यो। एउटा मान्छेको स्वास्थ्यको लागि अर्को मान्छेको बलि पनि दिइन्थ्यो। मान्छेको किनबेच हुन्थ्यो। मान्छेको घाँटीमा दाम्लो बाँधिन्थ्यो पशुसरि। यस्ता मानवताविरोधी युगलाई सत्ययुग कसरी भन्ने ? कवि असहमति प्रकट गर्दछन् र त्यस युगप्रति विद्रोह पनि गर्दछन् । देवताले मानिसको मासु खाने युगको प्रशंसा अहिले पनि कतिपय कर्मकाण्डीहरूले गर्ने गरेकामा कवि असहमत छन् :

देवताले जहाँ खान्थे मान्छेको मांसहव्य त्यौं

गरी बढाइएँ थाक्दैनन् कर्मकाण्डीहरू अझै। (पृष्ठ ४१)

निर्धा र कमजोरका लागि अझै पनि कोही सहारा बन्न तयार छैनन् । सत्ययुगमा पनि यही हालत थियो। पेट पाल्न अनेक समस्या थियो। शक्तिहीनहरू मात्रै जतातत‍ै मारिन्छन्, किनबेचमा पर्दछन्। विपन्न बाहुन अजीगर्तले आफ्नो छोरो शुन:सेपलाई बेचेको वा बेच्नुपरेको दृष्टान्त छ। समाजमा धनी र गरीबबीच निकै ठूलो खाडल छ। यसले ठूलो विभेद निम्त्याएको छ । कवि यसरी आक्रोश पोख्छन् :

अन्धाको निम्ति खै लौरो को छ बाटो देखाउने ?

भोकाको निम्ति खै गाँस को छ दाना जुटाउने ?

मान्छेको हाडमा अग्ला पिरामिड बनाउँछन्

पोख्दछन् पसिना कोही कोही धन कमाउँछन् ।

थोरै बसी बसी खान्छन् धेरैले काम गर्दछन्

धेरै भोकभोकै मर्छन् थोरै मस्त डकार्दछन्। (पृष्ठ ३१)

स्वर्ग र नर्कको डर वा लोभमा मानिसले अनेक कर्म गर्छन्। यसै नाममा आफ्नो दुनो सोझ्याउनेहरू पनि धेरै छन्। स्वर्ग र नर्क हो वा होइन, कसैले देखेको छैन। यो मीठो कल्पना पनि हुन सक्छ। जीवन भोगाइको अवस्थामा नै स्वर्ग र नर्क दुवै हुन सक्छन् । देवरातमा काव्यकार समर्थन स्वर्ग र नर्क यही पृथ्वीमैं रहेको कुरालाई यसरी अभिव्यक्त गर्छन् :

न कुनै स्वर्ग अर्को छ, न छ नर्क कुनै कतै

खोजे स्वर्ग यहीं नै छ, हेर्दा नर्क यहीं कतै ।

सधैं अभावमा बाँच्नु नर्क पर्नुसमान हो

अग्ला प्रासादमा बस्नु स्वर्ग पस्नुसमान हो। (पृष्ठ ३२)

भोकलाई कविले रावण, कंस, पुतना, ताडका, हिरण्यकश्यप, होलिका, सुरसा आदि सबै पुरातन नकारात्मक पात्रसित तुलना गर्छन्। यसैगरी, सबैको शत्रु नै भोक भएको तथा भोकले युद्ध निम्त्याएको पनि बताइएको छ। भोकले अन्याय, दुष्कर्म गर्छ वा गराउने कारण बन्छ। भोकले आफन्त, नातागोता केही भन्दैन। भोकले मान्छेलाई नरभक्षी पनि बनाउँछ । भोकको साम्राज्यमा एउटा परिवारको दारुणिक वर्णन बाहुनीको मुखबाट कवि यसरी गराउँछन् :

घरमैं दुईटा छोरा, लोग्नेको भोको छ जर्जर

सुकेका ओठ ली जेठो पनि आएर भर्खर

बसेको छ, यता हामी सबै भोकै दिनैभरि

भोककै अर्चना गर्छौं भोकैले जिन्दगीभरि। (पृष्ठ ४०)

भोकले मानिसलाई जे गर्नुपर्ने हो

(बाँकी चौथो पातामा)

# प्रहरीले बाटो बिराएपछि ...

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**प्रहरी ऐनले व्यक्तिलाई होइन, पदलाई शक्ति प्रदान गरेको छ । त्यसैले कानूनले प्रदत्त गरेको शक्ति स्वार्थअनुकूल किमार्थ प्रयोग हुनुहुँदैन । कानूनविपरीत गतिविधि गर्ने व्यक्तिलाई कानूनी मार्गमा हिंड्न सिकाउने प्रहरी हो । तर प्रहरीले नै बाटो बिराएपछि आमनागरिकले के बुझ्ने ?**

शक्ति पदमा हुन्छ, व्यक्तिमा होइन। पदीय शक्तिले कर्तव्य निर्वाह गर्ने ऊर्जा प्रदान गर्छ। शक्ति र ऊर्जाको सदुपयोग गर्ने कि दुरुपयोग, त्यो नितान्तरूपमा व्यक्तिमा निहित हुन्छ। पदीय शक्तिको दुरुपयोग वा सदुपयोग भइरहेको कुरा समाजले सूक्ष्म मूल्याङ्कन गरिरहेको हुन्छ। कानूनी मान्यताअनुरूप जसले शक्तिको सदुपयोग गर्छ, त्यो व्यक्ति बहाल संस्था र समाजबाट प्रशंसित हुन्छ । त्यही शक्तिको दुरुपयोग गर्ने व्यक्ति कानूनी र सामाजिक स्तरमा निन्दाको पात्र बन्छ। जब पदको आडमा शक्तिको दुरुपयोग हुन्छ, तब व्यक्तिको कारण न्याय प्रणाली प्रभावित हुन्छ । न्याय प्रतिपादन गर्ने पात्रको गलतीले सिङ्गो सङ्गठन बदनाम हुन्छ। त्यस्ता पात्रप्रति समाजमा वितृष्णा उत्पन्न हुन्छ। पदीय अहङ्कारले कानून र पद दुवैको मानमर्दन हुन्छ।

पदीय शक्ति कसरी दुरुपयोग हुन्छ भन्ने कुराको ताजा उदाहरण हालै घटित एक घटनाले पुष्टि हुन्छ । समाचारमा उल्लेख भए अनुसार पर्सा प्रहरीले एकजना युवकमाथि ज्यादती गरेको छ। ज्यादती किन भनिएको छ भने प्रहरी अधिकारीको आफन्त सवार रहेको कारले ओभरटेक गर्ने क्रममा कारको अगाडि गुडिरहेको मोटरसाइकलको साइलेन्सरमा छोएको थियो । मोटरसाइकल चालकलाई पक्राउ मात्र गरिएन, अपितु कारबाहीको नाममा यातना दिनु, चालक अनुमतिपत्र नै नभएको कार चालक आफन्त भएकै आधारमा उसको पक्षपोषण गरेको आदि कुराहरू समाचारहरूमा उल्लेख भएका छन्। यहाँ प्रश्न के उठ्छ भने के प्रहरीको आफन्त हुँदैमा सवारी चालक अनुमतिपत्रविना सवारी चलाउने कानूनी छुट छ ? अगाडि गुडिरहेको मोटरसाइकलले पछाडि रहेको कारलाई कसरी ठोक्यो ? यहाँ कानूनले प्रदत गरेको शक्ति र ऊर्जा स्वार्थ अनुकूल दुरुपयोग भएको कुरा स्पष्ट छ। किनभने प्रहरीले घाइते हुनेगरी युवकलाई कुटपिट गऱ्यो। छोरालाई छुटाउन जाँदा प्रहरीले बुबालाई पनि पक्राउ गऱ्यो । यो त प्रतिनिधि घटना मात्र हो। यस्ता थुप्रै घटना छन्, जो प्रहरीको भयका कारण बाहिर नआएका होलान् । जसले नागरिकको सुरक्षा र सामाजिक अमनचयन बहाल गर्ने दायित्व पाएको छ, उसको नियत काखापाखामा आधारित हुने हो भने आमनागरिक न्याय माग्न कहाँ जाने ?

हिन्दू धर्मग्रन्थ रामायणका पात्र रावण र हिन्दी फिल्म शोलेको पात्र गब्बर सिंहको प्रसङ्ग यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ । रावण सर्वज्ञानी र पराक्रमी राजा थिए । रावणले अनेक विद्या वेद, पुराण, नीति, दर्शनशास्त्र, इन्द्रजाल आदिमा पारङ्गत हासिल गरेका थिए । यद्यपि उनको मनोविज्ञान असुरी प्रकृतिको थियो । विभिन्न तपजपले देवीदेउताबाट पाएको शक्ति उनले देवीदेउताकै संहारमा खर्च गर्न थाले । उनले केवल आफ्नो शक्ति र आफूलाई मात्र सर्वश्रेष्ठ ठान्थे । रावणले उपद्रव मच्चाउनुका साथै देवभक्तहरूको वध गर्न थाले । जब उनको असुरी प्रवृत्ति चरम सीमामा पुग्यो, तब उनले सीता माताको हरण गरे । रामसँग युद्ध छेडे । अन्ततः रामको बाणले एक यस्तो शक्तिको वध भयो, जसको ऊर्जा विपरीत दिशामा प्रवाहित भइरहेको थियो ।

‘बेटे सो जा नहीं तो गब्बर सिंह आ जाएगा’ यो शोले फिल्मको चर्चित संवाद हो । उक्त फिल्मको पात्र गब्बर सिंह



शक्तिशाली डाँका थियो। उसको ऊर्जा सामान्य नागरिकलाई पीडा दिने कार्यमा खपत हुन्थ्यो । उक्त फिल्मको खलपात्र गब्बर सिंहले आफ्नो दम्भ आफ्ना सहकर्मी डाँकूहरूलाई घरीघरी सुनाउँथ्यो। हत्या, हिंसा, लुटपाट र अत्याचारले गर्दा ऊ प्रख्यात थियो । आममस्तिष्कमा उसको डर व्याप्त थियो। अन्ततः उसको पापको घडा भऱ्यो र एक कर्तव्यनिष्ठ प्रहरी अधिकारीको योजना अनुसार बिरु र जयको सहायताले गब्बर सिंहको भौतिक शरीरसँगै उसको शक्ति र सामर्थ्य पञ्चतत्त्वमा विलीन भयो। माथिका दुईवटा उदाहरण प्रस्तुत गर्नुका कारण के हो भने शक्ति प्राप्त भएपछि मानवले आफूलाई सर्वेसर्वा ठान्छ। प्रतिकूल कार्यमा शक्ति खपत गर्छ। प्राकृतिक प्रक्रिया अनुसार उसको भौतिक शरीर पञ्चतत्त्वमा विलीन भए तापनि उसको कुनियतको चर्चा सधैंभरि भइरहन्छ।

आउनुस्, उहिलेका केही कुरा गरौं। उहिले जिल्लाको प्रमुखमा प्रहरी नायब उपरीक्षक अर्थात् डिएसपी हुन्थे। त्यस्तै, इलाका प्रहरी कार्यालयको इन्चार्ज प्रहरी नायब निरीक्षक र प्रहरी चौकीको इन्चार्जमा प्रहरी सहायक निरीक्षक हुन्थे। सुरक्षा निकायमा जस्तो अनुशासन अन्य कुनै पनि सरकारी निकायमा पाउन मुश्किल छ। सानो पदले आफूभन्दा ठूलो ओहोदाको सम्मान गर्नु र अनुशासितपूर्ण आदेश पालना गर्नु सुरक्षा निकायको प्रभावकारी व्यवस्था मानिन्छ । उहिले गाउँहरूमा प्रहरीको दर्जा सबैलाई थाहा हुन्थेन। त्यसैले देहातमा जुनसुकै दर्जालाई ‘सिपाहीजी’ भनेर सम्बोधन गरिन्थ्यो । केटाकेटीहरूलाई डराउनको लागि उहिले ‘सिपाही’ शब्दको खूब प्रयोग गरिन्थ्यो। बच्चाहरूमा जिद्दी गर्ने, समयमा नसुत्ने, विद्यालय जान आनाकानी गर्ने आदि स्वभाव हुन्छन् । त्यस्तो बेला प्रहरीको नाम लिएपछि बच्चाहरू डराउँथे। ‘सुत ब कि सिपाहीजी के बोलादीं ?’ अर्थात् सुत्छौ कि सिपाहीलाई बोलाइदिऊँ ? लालाबालाहरूमा डर सिर्जना गर्नको लागि यति भन्नु नै धेरै थियो । यो वाक्य उहिले देहातमा मानौं ओषधिको रूपमा प्रयोग गरिन्थ्यो । बच्चाहरू डराउँथे । डर यति हुन्थ्यो कि निद्रा नलागे पनि आँखा बन्द गर्नुको विकल्प हुन्थेन। उहिले जब गाउँमा प्रहरीको आगमन हुन्थ्यो, तब बच्चाहरू भागमभाग गर्थे। लुक्थे। गाउँबाट प्रहरी नगइन्जेलसम्म बच्चाहरू घरबाहिर निस्किन्थेनन्।

प्रहरीको नाम सुन्ने बित्तिकै मनमा किन डर हुन्थ्यो ? किनभने गाउँहरूमा प्रहरीको उपस्थिति प्रायः कसैलाई पक्राउ गर्ने उद्देश्यले हुन्थ्यो । अवाञ्छित व्यक्तिलाई पक्राउ गर्दा शक्ति प्रयोग गर्नु अस्वाभाविक होइन। तर गाउँलेहरू बढी त्रसित तब हुन्थे, जब भनसुनको आधारमा सामान्य नागरिकलाई लछारपछार गर्दै प्रहरीहरूले थानामा लग्थे। कुटपिट गर्थे। घाइते बनाउँथे। अर्थात् सामान्य कसूरमा असामान्य ऊर्जा खपत गर्थे। यस कारण आमनागरिकमा प्रहरीप्रति वितृष्णा थियो। शक्तिको आडमा अतिरिक्त लाभ लिने उद्देश्यले व्यक्तिमा डर पैदा गर्ने नियत कानूनले परिकल्पना गरेको हुँदै होइन । कुनै पनि घटनाको सम्भावित पात्रहरूलाई पक्राउ र अनुसन्धान गर्नु नितान्तरूपमा प्रहरीको परम कर्तव्य हो। राम्रो काम गरेर जसरी प्रशंसाको पात्र भइन्छ, त्यसैगरी नराम्रो काम गरेर अप्रसंशित भइन्छ। पदमा बहाल भएपछि यो वा त्यो कारणले अनुत्तरदायी काम गर्नू भनी संविधान वा कानूनले कल्पना गरेको छैन । कानूनी व्यवस्था अनुसार राम्रो गरे प्रसंशा र गलत गरेमा जो कोही पनि कारबाहीको भागीदार हुने कुरा कानूनमा उल्लेख छ । प्रहरी ऐन केवल नागरिकमाथि मात्र लागू हुँदैन । अपितु प्रहरी पनि कानूनी दायराभित्र पर्छ ।

अनुसन्धानको क्रममा कतिपय बेला निर्दोष व्यक्ति प्रहरीको फन्दामा पर्छ । दोषीझैं निर्दोष व्यक्तिलाई यातना दिनु पद र शक्तिको दुरुपयोग गर्नु हो। यस्ता गतिविधि कुनै पनि दृष्टिकोणले मान्य हुँदैन । प्रहरीको खोरबाट घर आइपुग्दासम्म अनेक प्रकारका प्रहरी ज्यादती उनीहरूमाथि भइसकेको हुन्छ । जब प्रहरी कारबाहीमा निर्दोष व्यक्ति पर्छ, प्रहरीको यातना खेप्छ, त्यति बेला प्रहरीको गैरजिम्मेवार कामप्रति आममनोविज्ञान रूष्ट हुन्छ। किनभने सुरक्षा निकाय देशको अहम अङ्ग हो। प्रहरी सङ्गठनमा इमानदार र कर्तव्यनिष्ठ पात्रको कमी छैन। यद्यपि एक ड्रम खानेतेललाई केवल एउटा सानो सीसीमा भएको मटीतेलले प्रभावित गरेझैं थोरै पात्रका कारण वृहत् प्रहरी सङ्गठन बदनाम हुन्छ । प्रहरी ऐनले व्यक्तिलाई होइन, पदलाई शक्ति प्रदान गरेको छ । त्यसैले कानूनले प्रदत्त गरेको शक्ति स्वार्थअनुकूल किमार्थ प्रयोग हुनुहुँदैन । कानूनविपरीत गतिविधि गर्ने व्यक्तिलाई कानूनी मार्गमा हिंड्न सिकाउने प्रहरी हो। तर प्रहरीले नै बाटो बिराएपछि आमनागरिकले के बुझ्ने ?

# द्रोण पर्व-६२



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

यत्तिकैमा उनले महाबली वृन्दारक, अभय, रौद्रकर्मा र दुर्विमोचनलाई पनि मारिदिए । अनि तपाईंका पुत्रहरूले उनलाई चारैतिरबाट घेरामा हाले । भीमसेनले हाँस्दाहाँस्दै तपाईंका पुत्र विन्द, अनुविन्द र सुवर्मालाई पनि यमलोक पठाइदिए। अनि उनले तपाईंका शूरवीर पुत्र सुदर्शनलाई घाइते पारिदिए । यस प्रकार भीमसेनले चारैतिर ताकिताकी अलिक बेरमैं आफ्नो तीक्ष्ण बाणहरूबाट त्यस रथसेनालाई नष्ट पारिदिए। अनि त सिंहको गर्जना सुनेर मृगहरू भागेझैं भाग्न थाले, जुन प्रकारले सिंहको गन्ध पाएर मृगहरू भाग्न थाल्छन् ।

भीमसेनले यस प्रकार कौरवसेनाको संहार गर्न थालेपछि द्रोणाचार्य उनको



उनको रथको आवाज सुनेर तपाईंका पुत्रहरू चारैतिर भाग्न थाले। भीमसेनले तपाईंका भाग्दै गरेका सेनालाई पनि पछ्याए र उनले सबैतिर कौरवहरूको संहार गर्न थाले। यस प्रकार कौरवसेना अत्यन्त व्यथित भई भीमसेनलाई छाडेर आफ्ना घोडाहरूलाई दौडाउँदै रणभूमिबाट भागिहाले । महाबली भीमसेन ती सबैलाई परास्त गरेर बडो जोडले गर्जना गरे ।

अब उनी रथसेनालाई नाघेर अगि बढे। यो हेरेर उनलाई रोक्नको लागि द्रोणाचार्यले भीषण बाण वर्षा गर्न थाले तथा तपाईंका पुत्रहरूको प्रेरणाले कैंयन धनुर्धरहरूले उनलाई चारैतिरबाट घेरामा हाले । अनि भीमसेनले सिंहको समान गर्जना गर्दै एउटा भयङ्कर गदा उचालेर उनीहरूतिर हाने। त्यस गदाले तपाईंका कैंयन सैनिकलाई यमलोक पठाइदियो । भीमसेनले गदाबाट नै अन्य सैनिकहरूमाथि प्रहार गरे । यसबाट भयभीत भई तपाईंका सेना यस प्रकारले सामु आए । उनले आफ्नो बाणको प्रहारबाट भीमसेनलाई अगि बढ्नबाट रोकिदिए । अब यी दुवैजनाबीच घोर युद्ध हुन थाल्यो। भीमसेन आफ्नो रथबाट हाम्फालेर द्रोणको बाणलाई सहन गर्दै उनको रथको छेउमा पुगी रथको मोहडा समातेर त्यस रथलाई टाढा फालिदिए। द्रोण अर्को रथमाथि चढेर फेरि व्यूहद्वारमा आइपुगे। आफ्नो निरुत्साहित गुरुलाई यस प्रकार फेरि आफ्नो सामु आएको हेरेर भीमसेनले फेरि बडो वेगले त्यस रथलाइ पनि उचालेर झन् टाढा फालिदिए । यस प्रकार भीमसेनले अनायास नै द्रोणचार्यका आठवटा रथलाई उचालेर फाली नष्ट पारिदिए। तपाईंका सेनाहरू यो रमिता बडो विस्मयपूर्वक नेत्रले हेरिरहे ।

हुरीले जसरी वृक्षहरूलाई नष्ट पारिदिन्छ, त्यसै प्रकारले संग्राममा क्षत्रियहरूलाई नष्ट पार्दै भीमसेन अगि बढे । अलिक पर गएपछि उनलाई कृतवर्माबाट सुरक्षित भोजसेना फेला पर्‍यो, तर उनले त्यसलाई पनि थरीथरी विधिबाट नष्ट गर्दै अगि बढे । फेरि कम्बोज सेना तथा अनेकौं र युद्धकुशल म्लेचछहरूलाई नाघेपछि उनले युद्ध गरिरहेका सात्यकिलाई देखे । अनि त उनी अर्जुनलाई हेर्ने इच्छाले आफ्नो रथद्वारा बडो सावधानीका साथ तीव्र गतिले अगि बढे । तपाईंका अनेकौं योद्धाहरूलाई नाघेर उनी अलिक अगि गएपछि जयद्रथको वध गर्ने उद्देश्यले युद्ध गरिरहेका अर्जुनलाई देखे । यो हेरेर उनी वर्षाकालीन मेघझैं बडो जोडले गर्जना गर्न थाले । भीमसेनको त्यो भीमनाद श्रीकृष्ण र अर्जुनको कानमा पनि पर्‍यो। अनि उनीहरू उनलाई हेर्नको लागि गर्जना गर्दै उनी छेउ आइपुगे। यता भीमसेन र अर्जुनको सिंहनाद सुनेर युधिष्ठिरलाइ बडो प्रसन्नता भयो । उनको सम्पूर्ण शोक हरायो तथा उनलाई अर्जुनको विजयको पनि पूर्ण आशा भइहाल्यो । भीमसेनले सिंहनाद गरेपछि युधिष्ठिरले मुस्काउँदै मनमनैमा भने– भाइ भीमसेन, तिमीले क्या सूचना दियौ, तिमीले दाजुले भनेको कुरा पुर्‍याइदियौ । भाइ तिमीले जोसित द्वेष गर्दछौ, संग्राममा उसको जीत हुनै सक्दैन । यो मेरो सौभाग्य हो कि मलाई श्रीकृष्ण र अर्जुनको पनि सिंहनाद सुनिंदैछ। अहो, जसले इन्द्रलाई जितेर खाण्डव वनमा अग्निलाई तृप्त पारेका थिए, एउटै धनुषबाट निवातकवचहरूलाई जितेका थिए, विराटनगरमा गोहरणको लागि मिलेर आएका सबै कौरवसेनालाई परास्त गरे र दुर्योधनलाई मुक्त पार्नको लागि गन्धर्वराज चित्ररथलाई होच्याएका थिए तथा श्रीकृष्ण जसको सारथि छन् र जो मलाई सदैवको लागि नै प्रिय छ ती अर्जुन अझै पनि जीवित छन् । यो कस्तो आनन्दको कुरा छ । के श्रीकृष्णाको रक्षामा सूर्यास्तभन्दा पहिले नै आफ्नो प्रतिज्ञा पूर्ण गरेका अर्जुनलाई म फेरि भेट गर्न पाउनेछु ? अर्जुनको हातबाट जयद्रथको तथा भीमको हातबाट आफ्ना भाइहरू मरेको हेरेर के मन्दबुद्धि दुर्योधन बाँचेका वीरहरूको रक्षा गर्नको लागि हामीसित वैर त्यागेर सन्धि गर्न चाहनेछ ? यस प्रकार एकातिर महाराज युधिष्ठिर करुणाद्र भएर नानाथरीका अड्कल काढ्दै थिए र अर्कोतिर तुमुल संग्राम भइरहेको थियो । क्रमशः ...


# सम्झनामा मात्र कवि 'अरुण विक्रम शाह'

-यमुना प्रधानाङ्ग "मुना"

पर्सा जिल्लाको वीरगंज, श्रीपुर निवासी कवि अरुण विक्रम शाह मिलनसार र साहित्यिक गतिविधि प्रभात काव्ययात्राका सारथि हुनुहुन्थ्यो। उहाँले अन्तिम घडीसम्म प्रभात काव्ययात्रालाई डोर्‍याउँदै हिंड्नुभएको थियो । प्रत्येक महीनाको अन्तिम शनिवार प्रभात काव्ययात्रा वीरगंजस्थित विभिन्न चोकचौराहा, विद्यालय, माईस्थान पार्क, श्रीपुर चोक, श्रीपुरस्थित देवकोटा अध्ययन मण्डल, सम्झना होटल, मस्जिद आदि स्थानहरूमा उहाँको नेतृत्वमा हुँदै आइरहेको थियो। उहाँले सदरमुकाममा मात्र कार्यक्रम सीमित राख्नुभएन । जिल्लाका विभिन्न ठाउँ र जिल्लाबाहिर पनि प्रभात काव्ययात्रा सञ्चालन गर्नुभएर वीरगंजको साहित्यको परिचय दिनुभएको थियो । प्रभात काव्ययात्राको वार्षिकोत्सव भने प्रायःजसो वीरगंजस्थित प्रतीक दैनिकको प्राङ्गणमा हुँदै आइरहेको छ । सो कार्यक्रममा संस्थापक महानुभावहरूलगायत स्थानीय तथा जिल्लाबाहिरका साहित्यकारहरूको बाक्लै सहभागिता हुन्छ। सो कार्यक्रम त्यहाँ हुनुको मुख्य कारण प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा प्रभात काव्ययात्राका संस्थापक हुनुभएकोले र प्रभात काव्ययात्राको शुभारम्भ विसं २०५३ सालमा प्रतीक दैनिक कार्यालयबाट भएकोले भन्ने लाग्छ ।

हामी दुई म र मेरा पति कवि अच्युत प्रधानाङ्गले कवि अरुण विक्रम शाहसँग विभिन्न कार्यक्रममा बिताएका पलहरू मानसपटलमा अझै ताजै छन्। वीरगंज, श्रीपुरस्थित देवकोटा अध्ययन मण्डल जीर्ण अवस्थामा रहेकोले पुनर्निर्माणको लागि कवि शाहले आवाज उठाउँदै आइरहनुभएको थियो । हाल देवकोटा अध्ययन मण्डल निर्माणाधीन अवस्थामा रहेको देख्दा खुशी लाग्छ ।

उहाँले भोजपुरी भाषाको उत्थानका लागि भोजपुरी भाषामा कविता सङ्ग्रह 'राह के फूल' (२०६२) र 'राह के पतङ्ग' (२०७३) दुईवटा कृति प्रकाशित गर्नुभएको थियो। उहाँले नेपाली भाषामा लेख्नुभएको कविता, गजल, लेख आदि स्थानीय पत्रपत्रिकामा पनि प्रकाशित भएका छन्। उहाँको नेपाली भाषामा लेखिएका कविता, गीत, गजल पुस्तकको रूपमा तयार भए तापनि बाहिर आउन नसक्नु कारण आर्थिक अभाव नै हो जस्तो लाग्छ । उहाँको पुस्तक निकाल्ने सपना अधूरै रह्यो। समाजका विसङ्गतिमाथि आफ्नो रचनामार्फत आवाज उठाउँदै आउनुभएको उहाँको स्थानीयस्तरमा कदर भएको जस्तो लागेन ।



स्व. अरुण विक्रम शाह

उहाँ सदैव नयाँ-नयाँ साहित्यिक प्रतिभाको खोजीमा रहनुहुन्थ्यो भने कार्यक्रममा नयाँ-नयाँ प्रतिभालाई सहभागी गराइ वीरगंजमा साहित्यको विकासमा लागिपर्नुभएको थियो। म आफ्नो व्यक्तिगत कारणले केही वर्षदेखि वीरगंज र वीरगंजेली साहित्यिक फाँटबाट अलि ओझेलमा परे तापनि उहाँसँग साहित्यसम्बन्धी भलाकुसारी फोनमा भइरहन्थ्यो भने उहाँले मृत्युवरण गर्नुभएको केही दिनअगाडि मात्र फोनमा साहित्यसम्बन्धी निकै लामो कुराकानी भएको थियो ।

बुबा गोपाल विक्रम शाह र माता झम्केश्वरी शाहका ज्येष्ठ पुत्रको रूपमा २००८ सालमा वीरगंजमा जन्मिनुभएका अरुण विक्रम शाहलाई रैथाने मित्रहरूले 'राजा साप' भनी बोलाउने गरे तापनि उहाँको जीवन सामान्य नागरिक सरह नै बित्यो। उहाँले २०७८ वैशाख २६ गते आइतवारका दिन ७० वर्षको उमेरमा यस धर्तीबाट बिदा लिनुभयो। वीरगंजेली साहित्यिक फाँटमा उहाँको उपस्थिति सधैं खट्किरहनेछ। विश्व नै कोरोना महामारीको चपेटामा परेर थलिएको अवस्थामा हामी पनि कष्टकर जीवनबाट गुज्रिरहेका थियौं। समय र परिस्थितिलाई पनि ख्याल राख्नुपर्ने भएको हुँदा चाहेर पनि शुभचिन्तकहरू उहाँको अन्त्येष्टिमा सहभागी हुन नपाउनु दुःखद पक्ष रह्यो।

उहाँको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै वीरगंजेली साहित्यिक फाँट, म र मेरो परिवारको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। वीरगंज, पर्सा

# लभ इन वीरगंज



धारावाहिक नाटक
समीर पाखिन

प्रीतम : उषा भोक लाग्यो है ?

उषा : मलाई पनि ।

प्रीतम : त्यसो भए के खाने ?

उषा : म त डोसा नै खाने ।

प्रीतम : हो, यहाँ आएर डोसा नखाई जानु भनेको पोखरा पुगेर फेवाताल नहेरी फर्कनु बराबर हो ।

दुवै मिष्टान्न भण्डारमा प्रवेश गरी कुनाको कुर्सीमा आमनेसामने मुख गरेर बसेका छन् । वेटर आउँछ र के ल्याउँ भनी सोध्छ ।

प्रीतम : यो खुशीको क्षणमा पहिला मुख मीठो गर्नुपर्छ। यसैले पहिला दुई/दुई वटा रसबरी ल्याऊ ।

उषा : हो ? भइहाल्छ नि ।

प्रीतम : (उषाको हात पक्रेर) उषा, मेनी मेनी ह्याप्पी रिटर्नस् अफ दी डे । हैप्पी बर्थ डे ।

उषा : थैक्यू, प्रीतम ।

प्रीतम : आज यस खुशीको उपलक्ष्यमा मैले तिमीलाई आफ्नो मनको कुरा भन्ने विचार गरेको छु ।

उषा : म पनि तिमीलाई केही दिनदेखि यो छातीमा गुम्साइराखेको कुरा पोख्न आतुर छु प्रीतम ।

आकाश र रीता चढेको बाइक मिष्टान्न भण्डार खोज्दै अलखिया मोडसम्म पुग्दासमेत मिष्टान्न भण्डार नदेखेपछि आकाशले एकजना पैदलयात्रीलाई सोध्छ । पैदलयात्रीले माईस्थान चोकैमा बताएपछि आकाशले फेरि वान वे हुँदै एक फन्को लगाएपछि गीता मन्दिरतिर जाने चोकैमा बाइक राखेर दिदीभाइ गोपाल मिष्टान्न भण्डारभित्र प्रवेश गर्छन् र प्रीतमको नजर नपर्ने ठाउँमा बस्छन्। वेटर आएर उनीहरूलाई के खाने भनेर सोध्छ ।

आकाश : (सुस्तरी) यसो गर हामीलाई अहिले दुई कप कफी ल्याऊ। साथीहरू आउन बाँकी छन्, आएपछि नास्ता गरौंला ।

आकाश र रीताको ध्यान प्रीतम र उषातिर केन्द्रित छ ।

उषा : प्रीतम, तिमीलाई आज मेरो बर्थ डे भनेर कसरी थाहा भयो ?

प्रीतम : अनि हिजो तिमीले नै भनेकी होइनौ भोलि मेरो बर्थ डे भनेर ?

उषा : हो र ? लौ मैले कहिले भने ? (सोचेजस्तो गर्दै)

प्रीतम : (एकाएक उषाको हात पक्रेर) उषा, आई लभ यू ।

उषा : आई लभ यू टु प्रीतम ।

रीता प्रीतमले उषाको हात पक्रेको देखेर मुर्मुरिएकी छे। ऊ झम्टी-झम्टी कुर्सीबाट उठ्न खोज्छे तर आकाशले अरू केही क्षण धैर्य गर्न भन्दै रीतालाई रोकेर राख्छ।

प्रीतम : उषा जुन दिन तिमीसित मेरो भेट भयो, त्यही दिनदेखि मलाई तिम्रो यादले सताउन थालेको छ । न त निद्रा लाग्छ न भोक नै ।

उषा : मलाई पनि खाली तिम्रै याद आइरहन्छ। न त पढाइमा मन लगाउन सक्छु न कुनै काममा ।

अहिले भने रीतालाई असह्य हुन्छ। ऊ जुरुक्क उठेर प्रीतम भएको मेचमा गएर एकाएक उषाको जगल्टा समातेर फनफनी घुमाउँछे। उषा पीडाले रेस्टुरेन्ट नै उचाल्ने गरी चिच्याउँछे । ग्राहकहरू सबै उनीहरूतिर हेर्न थाल्छन् । आकाश पनि उठेर आउँछ ।

रीता : के भनिस् ? फेरि भन् त एई नकचरी ! मेरो बूढोको यादले सताइरहन्छ अरे तँलाई ? तँलाई थाहा छ ? तैले जसलाई आई लभ यू भनिस् नि ऊ मेरो लोग्ने हो। म उसकी पत्नी रीता। उसको घरमा सात वर्षकी छोरी र चार वर्षको छोरो छ। तैले जसलाई माया गर्छु भनिस् नि ऊ दुई सन्तानको बौ हो बुझिस् ? तिमी पनि घरमा स्वास्नीलाई ढाटेर यो नकचरीसित भेट्न वीरगंज आउने गरेको रहेछौ होइन त ? (छातीमा पक्रेर हल्लाउँदै)

प्रीतम : (रीताको हात जोडले झट्कारेर) चुप लाग्। तँ मेरो चियो गर्दै वीरगंजसम्म आइस् होइन त ? पख् घर मात्र पुगूँ । मैले जानेको छु तँ दिदी र भाइलाई ।

आकाश : ए जो चोर उसैको ठूलो स्वर ? घरमा पुगेर के पिट्ने ? कि घरबाट निकाल्ने ? रीता बेसहारा छैन। उसको माइती अझ जिउँदै छ। धम्क्याउने कोशिश नगरे पनि हुन्छ। घरमा स्वास्नी हुँदाहुँदै केटी डुलाएर हिंड्न लाज लाग्दैन ?

प्रीतम : एई आकाश, तँ बढता नबोल है।

रिता : किन नबोल्ने ? यसको बोल्ने पूरापूरा हक छ । तँ नकचरीले पनि त बिहे गरेको छ कि छैन भनेर बुझ्नु पर्दैन ?

रिताले उषाको अनुहार कोपर्न खोज्दा आकाशले दिदी चाँहिलाई तान्दै होटलबाट बाहिर निकाल्छ र बाइकमा बसाएर प्रस्थान गर्छ । उषा प्रीतमको कारण बेइज्जत हुनुपरेकोमा रिसले चुर भई होटल बाहिर निस्कीरहेकी बेला प्रीतमले पछिल्तिरबाट उसको हात पक्रन्छ।

क्रमशः

## समर्थनको......

त्यो गराउँछ र जे गर्नु नपर्ने हो त्यो पनि गराउँछ भन्ने विचार कविले व्यक्त गरेका छन् । यद्यपि श्रमको महिमागान कवि यसरी गर्छन् :

कुनै अल्छी गरीबीको नमूना बन्न सक्दछ
परिश्रमी त्यहीं धर्ती श्रमले खन्न खोज्दछ । (पृष्ठ ३७)

कविले श्रमिकप्रति न्याय हुन नसकेको सन्दर्भलाई पनि उठाएका छन् । परिश्रमीहरूले पसिनाको मूल्य नपाउने परम्परा नै बसिसकेको छ । युगले धेरै फड्को मारिसकेको भएपनि श्रमिकको दिन अझै फेरिइनसकेको काव्यमा बताइएको छ। एक ठाउँमा कवि भन्छन्:

प्रजाको करमा आफ्नो घर अग्ला ठड्याउँछन्
पालकीमा बसी आफू प्रजालाई कुदाउँछन् । (पृष्ठ ४८)

श्रमिकप्रति सहानुभूति प्रकट गरिएको यथार्थाभिव्यक्ति यो पनि हेरौं :

अर्काको देशका निम्ति मर्न जान्छन् बहादुर
त्यसैको आम्दानीबाट चल्ने भो राज्यको सुर (पृष्ठ ५७)

जुन देशको श्रमिक पलायन हुन्छ, त्यहाँको प्रगति हुँदैन भनी यहींनेर भनिएको छ। राज्यले आफ्नो देशको श्रमिकलाई स्वदेशमैं रोजगार उपलब्ध गराउनुपर्ने र स्वदेशमा सम्मान हुँदा देश र प्रजा दुवैको उन्नति हुने विचार कविले स्पष्ट शब्दमा अभिव्यक्त गरेका छन् ।

राजाले राज्यप्रतिको र पिताले परिवारप्रतिको कर्तव्य बुझ्नुपर्ने हुन्छ । राजा बिरामी भएको बेला उपचारको लागि आफ्नै कुनै प्रजाको छोरालाई बलि दिनु कदापि उचित होइन। प्रजाको छोरा किन्नु वा प्रजाले छोरा बेच्नु अन्याय हो। अनेक दृष्टिकोणलाई नराम्रो नै भन्नुपर्ने हुन्छ। देवरातमा बलिको लागि राजाले एक प्रजाको छोरालाई किनेको देखाइएको छ । यसै सन्दर्भमा कवि भन्छन्:

पिताले पितृको धर्म राजधर्म नरेशले
गर्दैनन् पालना भन्नुस् के गर्ला त्यस देशले ? (पृष्ठ ७२)

द्रव्यमोहप्रति पनि कृतिमा ठूलो विद्रोह छ। पिता अजीगर्तलाई लोभी र अधर्मी बनाइएको छ, बताइएको छ । धनकै लोभमा सन्तान बेचेको बताइएको छ । यदि विपन्नता हटाउन कोही एक बलि चढ्नुपर्ने भए मै बिक्री हुन्थें भन्ने तर्क राख्ने शुनःसेपका पिता अजीगर्तको तर्क नर्कमा त्यत्तिखेर परिणत हुन्छ, जतिखेर उनले आफ्ना छोराको गर्दन छिनाल्न तयार हुन्छन् द्रव्यको लोभमा । आफैंले मार हाने पहिले बेचेकोभन्दा दोब्बर धन पाउनुपर्ने र मार हान्नेले मासु खानुपर्ने परम्पराको निर्वाह गर्दा चौब्बर धन पाउनुपर्ने शर्त अगाडि सार्छन् । यस्तो तर्क अगाडि सार्दै गर्दा अजीगर्तप्रति विद्रोहको भाव पाठकमा उब्जिन्छ। अनि अजीगर्तलाई खुलेर विरोध नगर्ने समाजप्रति पनि विद्रोहको भाव उत्पन्न हुन्छ। अजीगर्तले दिएका तर्कहरू द्रव्यमोह भएको बुझिन्छ। यसले सत्ययुग भनिएको जमानामा पनि धनको महत्त्व कस्तो रहेको र धनको लोभमा पिताले कतिसम्म गर्दा रहेछन् भन्ने कुरा पनि उदाङ्गो हुन आएको देखिन्छ ।

धन सबैलाई चाहिन्छ तर यसको आयमा समर्थ तरीका चाहिन्छ। यसको उपयोगमा पनि समर्थ तरीका हुनु उचित हुन्छ । अन्यथा धनलाई सबैथोक मान्न थाल्ने हो भने अजीगर्तजस्तो बन्न पुगेको पनि पत्तो हुँदैन । यसैले कवि धनले कसैलाई नचिन्ने बताउँदै भन्छन् :

धनले पुत्र भन्दैन, चिन्दैन यसले पिता
न भाइ यसले भन्छ न साथी न त बन्धुता । (पृष्ठ ८१)

पैसा वा धनमा सुखको खोजी गरिनुहुन्न भन्ने विचार कविको रहेको छ । पैसामा जब सुखको खोजी हुन्छ, तब त्यहाँ पुत्रघात वा पितृघात भइरहन्छ।

कविले शुनःसेपको विलापलाई जीवन्त उतारेका छन् ।

कविले विश्वामित्रबाट विद्रोह गराएका छन्। यही विद्रोहले विश्वामित्र वास्तविक नायक बन्न पुगेका छन् काव्यको । विश्वामित्रले नै राजा हरिश्चन्द्रको जलोदर रोग ठीक गराउन वरुणलाई तयार बनाउँछन्, वरुणको चित्त बुझाउने काम गर्छन्, राजा हरिश्चन्द्रपुत्र रोहितको प्राणमाथिको सङ्कट सदाका लागि हटाउँछन् र बलिबाट शुनःसेपलाई जोगाउँछन् । छोटो भूमिकामा देखिएका पात्र विश्वामित्रको भूमिका अन्तमा सर्वोपरि हुन जान्छ ।

कविले शुनःसेपलाई मन्त्रद्रष्टा बताएका छन् । बलियज्ञबाट मिचोचित शुनःसेप ऋषि भएर सेवा गरेको सङ्केत यसमा दिइएको छ ।

यो कृति स्वयम्मा प्रगतिशील विचारधारको रहेको छ । देवरातको कथानक, यसको भाषाशैली तथा केन्द्रीय कथ्य वा कविको विचार प्रगतिशील देखिन्छ। पुराणमा खासै महत्त्व नपाएको जस्तो देखिने यस घटनालाई कविले विशिष्ट महत्त्व दिनु र सम्पूर्ण काव्यलाई मानवतावादी दृष्टिकोणले प्रस्तुत गर्नुले सिङ्गो काव्य नै मानवतावादी र प्रगतिशील बन्न पुगेको छ ।

कर्मको महिमागान गर्दै एक ठाउँमा आफ्नो वैचारिक परिपक्वता यसरी प्रकट गर्छन् :

खोज्छ ईश्वर मान्छेले भौतारिंदै कताकता
बन्छ मानिस कर्मैले आफैं देवी र देवता । (पृष्ठ ११४)

सत्कर्म र सत्धर्मको महत्त्व जुनसुकै समयमा रहेको कुरालाई यस कृतिले स्थापित गरेको छ। कृतिको नाम देवरात राखिएको छ । देवरात भनिएका उनै शुनःसेप हुन् ।

पुराणमा कम महत्त्व पाएका घटना तथा पात्रको खोजी गरी मानवतावादी दृष्टिकोणले समर्थन अन्य साहित्यसिर्जनमा सफल बनून् भन्ने शुभकामनासहित यस कृतिको सफलताको पनि कामना गर्दछु। यस कृतिले कालान्तरमा आफ्नो विशिष्ट पहिचान बनाउने कुरामा पूर्णयता विश्वास प्रकट गर्दछु ।

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा थप एक लाख ५१ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १४ माघ/एएनआई

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख ५१ हजार २०९ जना सङ्क्रमित भएको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रवार जानकारी दिएको छ । हाल भारतमा कोरोना सङ्क्रमण दर १५.८८ रहेको जनाइएको छ। यसैसँगै भारतमा कोरोना शुरू भएदेखि हालसम्म चार करोड छ लाख २२ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन् ।



भारतका विदेशमन्त्री एस जयशङ्कर ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या २१ लाख पाँच हजार ६११ रहेका छन् । गएको २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ४४३ जना कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ८० लाख २४ हजार ७७१ जनामा कोरोना सङ्क्रमण निको भइसकेको छ ।

गत २४ घण्टामा भारतमा कोरोनाको कारण ६२७ जनाको मृत्यु भएको यसैसँगै कोरोना शुरू भएबाट हालसम्म मृत्यु हुनेको सङ्ख्या चार लाख ९२ हजार ३२७ पुगेको छ। कोरोना शुरू भएदेखि हालसम्म ७२ करोड ३७ हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ ।

यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ६४ करोड ४४ लाख ७३ हजारभन्दा बढी मात्रा खोप लगाइएको जनाइएको छ ।

**भारतीय विदेशमन्त्रीलाई कोरोना सङ्क्रमण**

नयाँ दिल्ली/सिन्हवा

भारतका विदेशमन्त्री एस जयशङ्करमा पनि कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। उनले बिहीवार पिसिआर परीक्षण गराएको र उनलाई कोरोना भाइरसको सङ्क्रमण भएको भारतीय विदेश मन्त्रालयले जानकारी दिएको छ ।

विदेशमन्त्री जयशङ्करले पनि ट्वीट गरेका छन्। सो ट्वीटमा उनले आफूलाई कोरोना भाइरसको सङ्क्रमण भएको भन्दै केही दिनयतादेखि आफ्नो सम्पर्कमा रहेका अरू व्यक्तिहरूलाई पनि कोरोना भाइरसबाट सतर्क रहन आग्रह गरेका छन् । हाल भारतले पनि कोरोना भाइरसको तेस्रो लहरको सामना गरिरहेको छ । बिहीवार मात्र पनि भारतमा दुई लाख ८६ हजारभन्दा बढी नागरिकमा कोरोना भाइरसको सङ्क्रमण देखिएको भारतको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

त्यसैगरी, बिहीवार सार्वजनिक भएको सो तथ्याङ्कमा गएको २४ घण्टामा मात्र ६७३ जनाको यो सङ्क्रमणबाट निधन भएको बताइएको थियो । केही दिनयता सङ्क्रमण घटेको जस्तो देखिए पनि अहिले भने फेरि यहाँ सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको देखिएको जनाइएको छ । रासस

# चिनियाँ र अमेरिकी विदेशमन्त्रीबीच फोनवार्ता

बेइजिङ, १४ माघ/सिन्हवा

चिनियाँ विदेशमन्त्री वाङ यी र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनबीच बिहीवार फोनवार्ता भएको छ । उनीहरूका बीचमा खासगरी दुई देशबीचको सम्बन्ध, आपसी सहयोग र समझदारीका विषयमा कुराकानी भएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ।

चिनियाँ विदेश मन्त्रालयले बिहीवार विज्ञप्ति प्रकाशन गरेर दिएको जानकारी अनुसार उनीहरूका बीचमा पछिल्लो समयमा युक्रेनमा भएको राजनीतिक विकासक्रमका विषयमा पनि कुराकानी भएको थियो। युक्रेनमा रूसले आक्रमण गर्ने योजना बनाएको भन्दै त्यहाँ रहेका आफ्ना दूतावासहरूबाट अमेरिका, बेलायतलगायतका केही देशले आफ्ना कर्मचारीहरू फिर्ता बोलाएका छन् ।

तर यहाँ आक्रमणको कुनै पनि योजना नरहेको रूसले दाबी गर्दै आएको छ । कतिपय विदेशी मिडियाहरूले युक्रेनको सीमा क्षेत्रनजीकै रूसले ठूलो सङ्ख्यामा रूसी सेना राखेको बताउँदै आएका छन् । यसका अतिरिक्त उनीहरूबीच केही समयअघि भएको चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति जो बाइडेनबीचको भिडियो कन्फ्रेन्समा भएको द्विपक्षीय विषयहरूको कार्यान्वयनका विषयमा बढी कुराकानी भएको थियो ।

चिनियाँ विदेश मन्त्रालयले उक्त द्विपक्षीय वार्ताका क्रममा केही समयअघि भएको दुई देशका राष्ट्रपतिहरूबीचको समझदारीको कार्यान्वयनका विषयमा बढी केन्द्रित भएको जानकारी दिएको छ। रासस

# रूसी ग्याँस परियोजनाहरूविरुद्ध प्रतिबन्धको तयारी

मस्को, १४ माघ/एएनआई/स्पुतनिक

युरोपेली सङ्घ र बेलायतले युक्रेनमा रूसले आक्रमण गरेमा लगाइने नयाँ रूसी ग्याँस परियोजनाहरूविरुद्ध प्रतिबन्ध लगाउने तयारी गर्दै गरेको सञ्चारमाध्यमले जनाएका छन् ।

फाइनान्सियल टाइम्सका अनुसार नयाँ प्रतिबन्धहरू अमेरिकी सहयोगमा विकसित भइरहेको छ र भविष्यका ग्याँस परियोजनाहरूका लागि वित्तपोषण र प्रविधि हस्तान्तरणमा कटौती गर्ने उद्देश्यसहितको हुनेछ । यदि त्यसो भयो भने यी प्रतिबन्धहरूले रूसी ऊर्जा क्षेत्रमा लगानी गर्ने बिपी, टोटल र शेल जस्ता युरोपेली दिग्गजहरूलाई असर गर्नेछ ।

पछिल्ला केही महीनाहरूमा पश्चिम र युक्रेनले रूसमाथि आक्रमणको कथित तयारीमा युक्रेनी सीमानजीकै सेना केन्द्रित गरेको आरोप लगाएका छन्। यता रूसले भने बारम्बार युक्रेनमा आक्रमण गर्ने आफ्नो मनसाय नभएको बताउँदै आएको छ भने उसलाई आफ्नै क्षेत्रमा सेना सार्ने अधिकार छ भन्ने कुरामा जोड दिंदै आएको छ। रासस

# अफगानिस्तानमा मानवअधिकार उल्लङ्घनप्रति चिन्ता

काबुल, १४ माघ/एएनआई

अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता नियोग (UNAMA)ले देशमा मानव अधिकार उल्लङ्घनका घटनाहरूप्रति गहिरो चिन्ता व्यक्त गरेको छ।

अफगानिस्तानको आन्तरिक मामिला मन्त्रालयमा तालिबान अधिकारीहरूसँगको भेटमा युनामा मानव अधिकारीले अफगानिस्तानमा यस्ता घटनाहरूको अनुसन्धान, पारदर्शिता र जवाफदेहिताको आवश्यकता रहेको बताएको छ। "युनामा मानव अधिकारीले आज @moiafghanistan मा तालिबान अधिकारीहरूसँग भेट गऱ्यो," ट्वीटमा लेखिएको छ ।

मानव अधिकार उल्लङ्घनका कथित मुद्दाहरूमा पूर्वसरकारी सदस्यहरू, नागरिक समाज, मिडिया, न्यायपालिका, धार्मिक गुरु तथा महिला कार्यकर्ताहरूका सरोकारहरूबारे छलफल गरियो। छानबीनमा पारदर्शिता चाहिन्छ, ट्वीटमा जनाइएको छ ।

अफगानिस्तानमा २०२१ को शुरूदेखि जुलाई २०२१ सम्म कम्तीमा ३० जना पत्रकार र सञ्चारकर्मीको हत्या, हातपात र घाइते भएका छन्। र तीमध्ये धेरैलाई सरकारी अधिकारीहरूले धम्की दिएको अफगानिस्तानको गैरनाफामूलक नाइको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसैगरी, गत नोभेम्बरमा अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तको मजार-ए-शरीफ शहरमा चारजना महिला कार्यकर्ताको हत्या भएको थियो।

तालिबानको सत्ता कब्जापछि महिलाविरुद्ध विभिन्न हिंसाका घटनाहरू बढेका छन् ।

तालिबानले महिला सुरक्षा र समावेशी सरकारको आश्वासनमा आफ्ना वाचाहरू पूरा गर्न असफल भएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – कार्यनाश | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं ।

वीरगंज महानगरपालिका


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे



**रमाइलो गर्ने तरीका**: निजगढ नगरपालिका-१२ रामथलीमा ठेलागाडामा बालबालिकालाई राखेर रमाइलो गर्दै । कोरोनाको कारण विद्यालय बन्द भएपछि यसैगरी दिन कटाउँदै बालबालिकाहरू । तस्वीर: प्रतीक

# छोरा पक्राउ परेपछि आमाको बिचल्ली

प्रस, निजगढ, १४ माघ/

रतनपुरी गाँजाकाण्डमा प्रहरी इन्चार्जसँग रकम बार्गेनिङ गरी छोडिएका २६ वर्षीय अभियुक्त सोमबहादुर थिङलाई एक महीनाअघि प्रहरीले पक्राउ गरेपछि निजकी करीब ५६ वर्षीया आमा फूलमाया थिङको बिचल्ली भएको छ ।

लामो समयदेखि मिर्गौला रोगले थलिएकी र करीब एक वर्षअघि पति लालसिंह थिङको मृत्युको शोकमा रहेकी फूलमायालाई कमाएर खुवाउने घरमा कोही नभएपछि बिचल्लीमा परेकी हुन्। बुबाको उपचारमा छोरा सोमबहादुरले ऋण लिएर उपचार गरे पनि बुबालाई बचाउन नसकेको र ऋण पनि तिर्न नसकेपछि निकै समस्यामा परेको उनले बताएकी छन् ।

छोरा हुँदा घरमा बस्ने, बोल्ने सहारा थियो। त्यस घटनापछि घरै छोडेर हिंडेको छोरालाई प्रहरीले समातेपछि अभियुक्त थिङकी आमा विक्षिप्त भएकी छन् । १३/१४ लाख रुपैयाँ ऋण छ । जग्गा जमीनको नाममा निजगढ नपा-१२ रामथली खोलाछेउमा हाल बसोबास गरिरहेको एक कट्ठा जमीन र छाप्रो मात्र छ। अन्य आयस्रोत छैन। कसरी खाने, कसरी ऋण तिर्ने भन्दै उनी भक्कानिइन्। सयकडा पाँच रुपैयाँसम्ममा ऋण लिइएको छ । जग्गाको नम्बरी पुर्जा छैन । भएको यही छाप्रो जग्गा साहुहरूले लैजाने भो भन्दै उनी विरक्तिएकी छन् ।

छोराले अवैध काम गरिरहेको आफूलाई जानकारी नभएको उनले बताइन् । सोमबहादुरले भने गाँजाको अवैध कारोबार गरिरहेको स्थानीयहरूले जानकारी दिएका छन् । त्यस भेगमा ठूलो परिमाणमा गाँजाखेती हुने गरेकोले पनि त्यस भेगका स्थानीयले लुकीछिपी कारोबार गरिरहेको विभिन्न घटनाक्रमबाट देखिन्छ । यस घटनामा संलग्नमध्येका मुख्य अभियुक्त २८ वर्षीय दिनेश भन्ने इन्द्रबहादुर भुलनलाई प्रहरीले खोजी गरिरहेको छ । घटनाबाहिर आएपछि भुलनले पनि गाउँ नै छोडेको बारा प्रहरीको भनाइ छ। त्यस घटनामा प्रयोग गरिएको अटोका धनी निजगढ नगरपालिका-१२ रामथलीका ५२ वर्षीय पाल्साङ तितुङलाई दुई साताअघि काठमाडौंबाट प्रहरीले पक्राउ गरिसकेको छ ।



फूलमाया थिङ

त्यस घटनाको अनुसन्धान भइरहेको र संलग्न दोषी पाइए प्रहरीलाई समेत कारबाही हुने जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए ।


Province No. 2

Veterinary Hospital and livestock Expert Center,Parsa, Birgunj

## Invitation for Bids

**For construction of compound wall and construction of waiting hall of veterinary hospital, Birgunj Parsa**

*First Date of Publication: 2078/10/15 (29thJan 2022)*

1. Veterinary Hospital, Birgunj parsa has allocated Fund for construction of compound wall and construction of waiting hall and intends to apply part of the funds to cover eligible payments under the Contract For construction of compound wall and construction of waiting hall in veterinary hospital, Birgunj Parsa Bidding is open to all eligible Nepalese.
2. Veterinary Hospital, Birgunj parsa invites sealed bids from eligible bidders for Construction of as mentioned below under National Competitive Bidding procedures.

| S.N. | Contract ID No. | Project Name | Estimated Amount NRs.(With VAT) | Bid Security | Bid document Cost |
|---|---|---|---|---|---|
| 1 | Veterinary /BRJ/ 078/079/NCB/001 | Construction of compound wall | 1919632.86 | 50000.00 | 3000.00 |
| 2 | Veterinary /BRJ/ 078/079/NCB/002 | Construction of waiting hall | 1919478.32 | 50000.00 | 3000.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Veterinary Hospital, Birgunj parsa .
4. A complete set of Bidding Documents may be purchased from the Veterinary Hospital, Birgunj parsa.Eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till 2078/11/15 (27th Feb 2022).
5. All bids shall be accompanied by a valid bid security issued by "A" class commercial bank of an amount as shown in the table above. The bid security guarantee shall confirm to the standard format as specified in the bid document. The bid security guarantee issued by only the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer.
   **Bid Security**
   Account Name:Ko.Le.Ni.Ka,Parsa
   Account no.: 1250100202030000
   Bank Name: Rastriya Banijya Bank,Birgunj
   Veterinary Hospital and livestock Expert Center, Parsa, Office Code No. : 3120222012
6. Pre-bid meeting shall be held at 13:00 Hrs in Veterinary Hospital, Birgunj parsaon 2078/11/08 (20thFeb 2022).
7. Sealed bids must be submitted to the Veterinary Hospital, Birgunj parsaby hand/courier on or before 12:00 Hrs on 2078/11/16 (28th Feb 2022). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2078/11/16 (28th Feb 2022) at the Veterinary Hospital, Birgunj parsa . Bids must be valid for a period of 90 days i.e. 2079/02/16 (30th May 2022) after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2079/03/16 (30thJune 2022)
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# रतनपुरी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी र इन्चार्जबीच विवाद

प्रस, निजगढ, १४ माघ/

निजगढ नगरपालिका–११ स्थित रतनपुरी स्वास्थ्य चौकीका पाँचजना स्वास्थ्यकर्मीले इन्चार्ज दिनेश परियारको सरुवाको माग गरेका छन्।


रतनपुरी स्वास्थ्य चौकी। तस्वीरः प्रतीक

इन्चार्ज परियारका कारण स्वास्थ्यकर्मीहरूले काम गर्न असहज भएको, प्रशासनिक कार्य पारदर्शी नभएको भन्दै छानबीन गर्न माग गरेका छन्। कर्मचारीहरूसँग कुनै समन्वय नगरी आफ्नै रवैयामा स्वास्थ्य चौकीको प्रशासनिक शाखा चलाउने, हाजिरी रजिस्टर समयमा उपलब्ध नगराउने, स्वास्थ्यकर्मीहरूले पाउनुपर्ने सेवासुविधाको विषयलाई लिएर पटकपटक विवाद भइरहनेलगायतका आरोप लगाउँदै निजगढ नगरपालिकामा स्वास्थ्यकर्मीहरूले माघ २ गते जानकारी गराएका थिए।

रतनपुरी स्वास्थ्य चौकीमा कार्यरत सिनियर अहेब किशोरीराउत यादव, सिनियर अनमी राजकुमारी गुरो, अहेब आशिषकुमार तामाङ, अहेब राजेश साह, अनमी नजमा बानोले इन्चार्ज दिनेश परियारविरुद्ध निवेदन दिएका हुन्। उनीहरूले नगरप्रमुख सुरेशकुमार खनाल, उपप्रमुख लीलादेवी लामिछाने, नगर स्वास्थ्य शाखा र निजगढ नपा–११ वडा कार्यालय एवं स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिलाई समेत बोधार्थ दिएको अनमी बानोले बताइन्। आफूले पछिल्लोपटक इन्चार्ज परियारका विरुद्ध आवाज उठाएको बताउँदै आएको र उचित सम्बोधन हुने प्रतीक्षामा आफू रहेको उनले बताइन्।

इन्चार्ज परियारलाई पटकपटक सुझाव र गुनासो राख्दा वास्ता नगर्ने र चित्त नबुझे नगरपालिका, अख्तियार, मन्त्रालय जान भनेपछि विवाद बढेर माघ २ गते स्वास्थ्यकर्मी र इन्चार्जबीच छलफल भएको थियो। विवाद समाधान गर्न निजगढ नपाले नगर स्वास्थ्य शाखाका संयोजक रमेश लामाको संयोजकत्वमा तीन सदस्यीय छानबीन समितिसमेत गठन गरेको थियो। छानबीन समितिले एक साताभित्र प्रतिवेदन बुझाउनुपर्ने भए तापनि हालसम्म नबुझाएको स्रोतले जनाएको छ।

इन्चार्ज परियारले जिम्मेवारी सम्हालेदेखि आफूले सकेको काम गरिरहेको र स्वास्थ्य चौकीबाट बिरामी तथा सेवाग्राहीहरूलाई सेवा दिइरहेको बताए। उनले स्वास्थ्य चौकीलाई सफलतामा पुऱ्याउन सबै स्वास्थ्यकर्मी, कर्मचारीहरूको जिम्मेवारी रहेको बताए।

स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर रुम्बाले परियारले इन्चार्जको जिम्मेवारी सम्हालेपछि सेवा र अन्य काममा सुधार भएको बताउँदै सबैले मिलेर सहकार्य गर्नुपर्ने बताए।

रतनपुरी स्वास्थ्य चौकीको दुई तले पक्की नयाँ भवन निर्माणसँगै सेवा सञ्चालन भएपछि स्वास्थ्यकर्मीहरूबीच पटकपटक विवाद हुँदा बिरामीहरू मर्कामा परेको गुनासो पनि छ। यहाँ कार्यरत अधिकांश स्थानीय स्वास्थ्यकर्मीको रतनपुरीमा निजी क्लिनिक भएकाले पनि एकापसमा विवाद हुने गरेको छ।


**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो।**
**त्यसैले**

- कसैले नाजायज फाइदा लिनदिन खोजेमा,
- अनुचित दबाव सिर्जना गरी गैरकानूनी लाभ लिनेदिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिनदिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाइएमा,

त्यस्ता कार्य भ्रष्टाचारजन्य कार्य हुन्। त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## हल्का वर्षा र हिमपातको सम्भावना

काठमाडौं, १४ माघ/रासस

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले शुक्रवार देशका अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र हिमपात भएको छ। उक्त प्रणालीको प्रभावले प्रदेश नं १, वाग्मती तथा गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्यतया बदली रही पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षा र सोही क्षेत्रको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपात भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

आज देशका पहाडी भूभागमा आंशिक बदली रही तराईका केही भूभागमा हुस्सु कुहिरो लागेको छ। राति देशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागको मौसम सामान्यतया सफा रहने बताइएको छ। शनिवार प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागको मौसम सामान्यतया सफा रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस पाँच दशमलव शून्य डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम १९ दशमलव आठ डिग्री सेल्सियस रहेको छ।

## २१ वटा टयाक्टरसहित चालक पक्राउ

प्रस, वीरगंज, १४ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले वीरगंज महानगर–३२ भेडाहा खोलाबाट


तस्वीर सौजन्यः जिप्रका, पर्सा

अवैध बालुवा उत्खनन गरी वीरगंज महानगर–१६ नगवामा बिक्री वितरणका लागि भण्डारण गरिरहेको अवस्थामा २१ वटा टयाक्टर नियन्त्रणमा लिएको छ।

प्रहरीले टयाक्टरसहित २१ जना चालकलाई पनि पक्राउ गरेको छ। पक्राउ परेका चालक र बरामद गरिएको टयाक्टर कारबाईको लागि वीरगंज महानगरपालिका कार्यालयमा पठाएको जिप्रका, पर्साले जनाएको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## विश्वकप ग्लोबल छनोटको उद्घाटन खेल नेपाल र ओमानबीच हुने

काठमाडौं, १४ माघ/रासस


तस्वीर सौजन्यः CAN

आइसिसी विश्वकप टी–२० ग्लोबल छनोट 'ए' अन्तर्गतको उद्घाटन खेलमा नेपाल आयोजक राष्ट्र ओमानसँग खेल्ने निश्चित भएको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले शुक्रवार सार्वजनिक गरेको टी–२० ग्लोबल छनोटको खेलतालिका अनुसार नेपाल र ओमानबीच उद्घाटन खेल हुने निश्चित भएको हो।

ग्लोबल छनोट अन्तर्गत नेपाल समूह 'ए'मा परेको छ। नेपालको समूहमा ओमान, बहराइन, क्यानडा, जमर्नी, आयरल्यान्ड, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स (युएई) छन्। यी आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ। जसमा समूह 'एक'मा नेपाल, ओमान, क्यानडा, र फिलिपिन्स छन् भने समूह 'दुई'मा आयरल्यान्ड, युएई, बहराइन र जमर्नी छन्। ओमानमा नै आयोजना हुने उद्घाटन खेल आगामी फागुन ६ गते हुनेछ। यस समूहमा फाइनल पुग्ने दुई टोलीले आगामी अक्टोबर नोभेम्बरमा अस्ट्रेलियामा हुने टी–२० विश्वकपमा स्थान बनाउनेछन्।

त्यसैगरी, नेपालले आफ्नो दोस्रो खेल फिलिपिन्ससँग फागुन ७ मा खेल्नेछ भने तेस्रो खेल क्यानडासँग फागुन ९ गते खेल्नेछ।

नेपालले विश्वकप छनोट खेल्नुअघि चार देश सम्मिलित टी–२० सिरिज खेल्नेछ। ओमानमा हुने उक्त सिरिजमा नेपालसहित युएई, आयरल्यान्ड र घरेलु टोली ओमानबीच प्रतिस्पर्धा हुनेछ। उक्त सिरिज माघ २८ देखि फागुन २ गतेसम्म हुनेछ।

नेपालले पहिलो खेल माघ २८ गते ओमानसँग खेल्नेछ भने दोस्रो खेल माघ २९ गते युएईसँग खेल्नेछ। त्यस्तै, नेपालले तेस्रो खेल फागुन २ गते आयरल्यान्डसँग खेल्नेछ।

## ८१ किलो गाँजासहित चारजना पक्राउ

प्रस, वीरगंज, १४ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले दुई


तस्वीर सौजन्यः जिप्रका, पर्सा



स्थानबाट ८१ किलो गाँजासहित चारजनालाई पक्राउ गरेको छ।

माघ १३ गते राति ८:३० बजे पर्साको बहुदरमाई नगरपालिका–९ विश्रामपुर मौजे बस्ने ६० वर्षीय गणेश साह कलवारको घरमा छापामारी गरी ७४ किलो गाँजा बरामद गरिएको जिप्रका, पर्साले जनाएको छ।

प्रहरीले कलवारसहित उनका छोरा ३४ वर्षीय सन्तोष साह कलवारलाई समेत पक्राउ गरी अनुसन्धान शुरू गरेको जनाएको छ।

यसैगरी, विन्ध्यवासिनी गाउँपालिका–४ अमरपट्टिबाट झौवा जाने बाटोमा सात किलो गाँजासहित एकजना पैदलयात्रीलाई प्रहरीले पक्राउ गरेको छ।

सखुवाप्रसौनी गापा–१ दोहोरी टोल बस्ने ३५ वर्षीय सुरेश दास र भारत, बिहार, जिल्ला मोतिहारी, भेलाही थाना १ बस्ने ४२ वर्षीय दसाही दासलाई पक्राउ गरेको पर्सा प्रहरीले जनाएको छ। पक्राउ परेका दुवैजनालाई इप्रका, पोखरियाबाट लागूऔषधसम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिप्रका, पर्साले जानकारी गराएको छ।

## सखुवाप्रसौनीमा प्रमुख प्रशासकीय अधिकृतको विवाद सुल्झियो

प्रस, पंचगावाँ, १४ माघ/

सखुवाप्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको विवाद सहमतिमा टुङ्गिएको छ।

गापा अध्यक्ष प्रदीप जयसवालको पहलमा सर्वोच्च अदालतमा दायर मुद्दा राजेश रौनियारले माघ ११ गते फिर्ता लिएपछि विवाद सुल्झिएको हो। मुद्दा फिर्ता लिएसँगै रौनियारलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ। रौनियारले शुक्रवारदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतको


तस्वीरः प्रतीक



जिम्मेवारी ग्रहण गर्दै हाजिरी गरेका छन्।

रौनियार स्वास्थ्य शाखा प्रमुख हुन् र उनलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने विषयमा विवाद भएपछि उनी सर्वोच्च अदालतमा पुगेका थिए।

निमित्त प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवको पटेर्वासुगौलीमा सरुवा भएपछि निमित्त प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर यहाँ विवाद भएको थियो।

गापा उपप्रमुखसहितले विशेष सभा गरेर रौनियारलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने निर्णय भएको थियो। गापा अध्यक्ष जयसवालले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत भोजेन्द्रकुमार चौधरीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सुम्पेका थिए।

गापाको विशेष सभाले गरेको निर्णयलाई आधार बनाएर रौनियार सर्वोच्च अदालतमा पुगेपछि उनको पक्षमा फैसला भएको थियो।

सोही बखतदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतमा भोजेन्द्रकुमार चौधरी कार्यरत रहे पनि आर्थिक कारोबार अदालतको निर्णयमा रोकिएको थियो।

अहिले समझदारीमा विवाद टुङ्गिएको र सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयले पनि रौनियारलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन गापालाई निर्देश गरेपछि आजदेखि उनी हाजिर भएका हुन्।